# प्रभाव दैनिक

National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक १०५ | काठमाडौं | बिहीबार, २१ साउन २०८३ | Prabhab National Daily | Thursday, 06 August 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५ |-


# ओली पछि हट्दा जोगियो कार्कीको पद

- कोशीको मुख्यमन्त्रीमा हिक्मत कार्कीलाई नै निरन्तरता दिन एमाले अध्यक्ष ओली तयार
- बागमतीमा संख्या पुऱ्याउने संघर्ष जारी, जगन्नाथ थपलिया र किरण थापा मुख्य आकांक्षी





**■ जेबी योञ्जन**

**काठमाडौं–** कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीलाई हटाउने एमाले अध्यक्ष केपी शर्मा ओलीको प्रयास अन्ततः सफल हुन सकेन । मुख्यमन्त्री कार्की आफ्नो अडानबाट पछि नहटेपछि ओली नै पछि हटेका छन् ।

भक्तपुरको गुण्डुस्थित निवासमा बुधबार भएको छलफलपछि ओलीले कार्कीलाई तत्कालका लागि मुख्यमन्त्रीकै जिम्मेवारीमा निरन्तरता दिने निर्णय सुनाएका हुन् । मुख्यमन्त्री कार्कीले ओलीको भनाइ उद्धृत गर्दै प्रभावसँग भने, 'मैले प्रदेश अध्यक्षको पनि कुरा सुनें, सचिवको कुरा पनि सुनें, तपाईंकै कुरा पनि सुनें । हाललाई काम गर्दै गर्नुस् । पछि उपयुक्त निर्णय गरौंला भन्नुभयो ।'

यसअघि ओलीले कार्कीलाई राजीनामा दिन निर्देशन दिएका थिए । एमाले प्रदेश संसदीय दलका उपनेता तिलकुमार मेन्याङ्बोलाई मुख्यमन्त्री बनाउने तयारीसमेत गरिएको थियो । तर, कार्की राजीनामा दिन तयार भएनन् । एमाले सचिव शेरधन राईमार्फत पनि राजीनामाको सन्देश पठाइयो । कार्कीले भने पार्टीको औपचारिक निर्णय मागे ।

उता विराटनगरमा कार्कीविरुद्ध हस्ताक्षर अभियानसमेत चलाइयो । बहुमत सांसदको हस्ताक्षर जुटेको दाबी गरियो । तर, दुईतिहाइ समर्थन नपुग्ने देखिएपछि नेतृत्व परिवर्तनको योजना अघि बढ्न सकेन । मुख्यमन्त्री कार्कीले सुरुदेखि नै आफू सहजै नहट्ने अडान राख्दै आएका थिए ।

> मैले प्रदेश अध्यक्षको पनि कुरा सुनें, सचिवको कुरा पनि सुनें, तपाईंकै कुरा पनि सुनें । हाललाई काम गर्दै गर्नुस् । पछि उपयुक्त निर्णय गरौंला भन्नुभयो ।
>
> **■ हिक्मत कार्की**
> मुख्यमन्त्री, कोशी प्रदेश

'म संसदीय दलको नेतामात्रै भएर मुख्यमन्त्री भएको होइन । दुईतिहाइ प्रदेशसभा सदस्यको विश्वासको मत लिएर सरकार बनेको हो । यो उपधारा ५ को सरकार हो र आफ्नै ढंगले अगाडि बढ्छ,' उनले सोमबार विराटनगरमा भनेका थिए ।

बुधबार ओली, कार्की, प्रदेश अध्यक्ष घनश्याम खतिवडालगायतबीच भएको छलफलपछि अन्ततः ओलीले नेतृत्व परिवर्तनको निर्णय स्थगित गरे । 'अध्यक्षले पनि आफ्नो कुरा राख्नुभयो । मुख्यमन्त्रीले पनि राख्नुभयो । हामी सबैले कुरा राखेपछि अध्यक्षले हाललाई निरन्तरता हुने निष्कर्ष सुनाउनुभयो,' खतिवडाले भने ।

यससँगै केही दिनदेखि चर्किएको कोशी प्रदेशको सत्ता विवाद तत्कालका लागि टरेको छ । कार्कीले पद जोगाएका छन् भने नेतृत्व परिवर्तन गर्ने ओलीको योजना हालका लागि रोकिएको छ ।

यता बागमती प्रदेशमा मुख्यमन्त्री बन्ने संघर्ष उत्कर्षमा पुगेको छ । मुख्यमन्त्रीको एक वर्षे कार्यकालका लागि नेताहरूबीच आरोप-प्रत्यारोप, हस्ताक्षर अभियान, राजीनामाको दबाब र मध्यरातसम्म छलफल हुने अवस्थासम्म पुगेको छ ।

एमाले र नेपाली कम्युनिस्ट पार्टी (नेकपा)बीच भएको नयाँ सत्ता समीकरणअनुसार बागमती प्रदेशको नेतृत्व एमालेले पाउने सहमति भएपछि पार्टीभित्र मुख्यमन्त्री कसलाई बनाउने भन्ने विषयमा तीव्र प्रतिस्पर्धा सुरु भएको हो । एमाले बागमती प्रदेश संसदीय दलका नेता जगन्नाथ थपलिया चार वर्षदेखि दलको नेतृत्व गरिरहेका कारण मुख्यमन्त्री बन्नेमा ढुक्क थिए । तर, भक्तपुरबाट निर्वाचित सांसद किरण थापा मगर पनि दाबेदारका रूपमा अघि आए ।

क्रमशः पृष्ठ २ मा

# सरकारले सभापति थापामाथि निगरानी बढाएको कांग्रेसको आरोप

- गृह मन्त्रालयको निर्देशन र संरक्षणमा सवारीसाधन प्रयोग गरी पार्टी सभापति गगन थापा र सञ्चार क्षेत्रका व्यक्ति तथा कार्यालयलाई लक्षित गरी निगरानी बढाएको आरोप
- प्रतिनिधिसभा नियमावलीलाई अन्य कानुनभन्दा माथि राखेर 'सुपर कानुन' बनाउन खोजिएको, जसले सांसदहरूलाई कानुनभन्दा माथि उभ्याउने र संविधानको क्षेत्राधिकार मिच्ने काम गरेको दाबी
- भ्रष्टाचारप्रति शून्य सहनशीलता नारामामात्र सीमित रहेको, आफ्नै मन्त्री र नेताहरूको सम्पत्तिको स्रोतमाथि उठेका प्रश्नहरूको जवाफ नदिएको र राहदानी खरिद प्रकरणमा अख्तियार प्रमुखलाई बन्धक बनाएको आरोप
- आर्थिक मन्दीका बेला विनाप्रमाण छापा मार्ने, व्यवसायीलाई धरपकड गर्ने र मन्त्रीहरु स्वयं कानुन हातमा लिएर व्यवसायीमाथि अशोभनीय व्यवहारमा उत्रिएकोप्रति आपत्ति
- ग्यास तथा मलको अभाव हल गर्न कुनै कार्ययोजना नल्याएको, शिक्षा क्षेत्रमा अन्योल सिर्जना गरेको आरोप




**■ प्रभाव संवाददाता**

**काठमाडौं–** प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले पार्टी सभापति गगन थापालाई सरकारले निरन्तर निगरानीमा राखेको आरोप लगाएको छ । मंगलबार कांग्रेस प्रवक्ता देवराज चालिसेले ललितपुरस्थित पार्टीको मुख्यालय सानेपामा पत्रकार सम्मेलन आयोजना गरी गृह मन्त्रालयको निर्देशनमा थापामाथि निगरानी बढाइएको आरोप लगाएका हुन् ।

विभिन्न सवारीसाधनमार्फत सरकारले थापामाथि निगरानी बढाएको कांग्रेसको आरोप छ । 'नेपाली कांग्रेसका सभापतिलगायत विभिन्न सञ्चार क्षेत्रसँग सम्बन्धित व्यक्ति वा कार्यालयलाई लक्षित गरी गृह मन्त्रालयकै संरक्षण र निर्देशनमा आपराधिक मनोवृत्ति भएका व्यक्तिहरूबाट सवारीसाधन प्रयोग गरी निगरानी राख्ने, त्रास सिर्जना गर्नेजस्ता निन्दनीय कार्य भयो,' कांग्रेसले विज्ञप्तिमार्फत भनेको छ ।

आलोचकलाई आतंकित पार्न खोजिएको दाबी कांग्रेसले गरेको छ । 'सरकारले यो आपराधिक क्रियाकलापविरूद्ध निष्पक्ष, स्वतन्त्र र विश्वसनीय छानविन गरी सत्य सार्वजनिक गर्ने साहस देखाओस् र आफू संग्लन भएको छैन भने पुष्टि गरोस्,' कांग्रेसले भनेको छ ।

## सरकार असफल बन्दै गएको आरोप

कांग्रेसले सरकार असफल बन्दै गएको आरोप लगाएको छ । कांग्रेस प्रवक्ता चालिसेले सरकारले आफ्नो कमजोरीलाई विषयान्तर गर्न खोजेकोसमेत आरोप लगाए । 'यो सरकार जब नैतिक संकट, राजनीतिक असक्षमता र जनविश्वासको संकटले घेरिन्छ तब समस्याको समाधान खोज्नुको साटो विषयलाई विषयान्तर गर्दै जनताको ध्यान अर्कै विषयमा मोड्ने प्रयासमा लीप्त रहेको देखिन्छ,' प्रवक्ता चालिसेले भने ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का वरिष्ठ नेता वालेन्द्र शाह नेतृत्वको सरकार असफल बन्दै गएको कांग्रेसले दाबी गरेको छ । प्रतिनिधिसभाले हालै पारित गरेको 'प्रतिनिधिसभा नियमावली' देखि राहदानी खरिद प्रकरणसम्मका कामहरू असफल देखिएको कांग्रेसले आरोप लगाएको छ । 'सुकुमबासी समस्या, भ्रष्टाचारविरूद्धको दोहरो मापदण्ड, गृहमन्त्री सुधन गुरुङसम्बन्धी विवाद, भदौ २३/२४ को घटनादेखि सुनसरीको देवानगञ्ज-कप्तानगञ्ज, सिराहासम्मका घटनामा सरकार अनुत्तरदायी रहेको हाम्रो अनुभव छ,' कांग्रेस प्रवक्ता चालिसेले भने ।

कांग्रेसले सुनसरीको देवानगञ्ज-कप्तानगञ्जमा भएको घटनाले सरकारी सुरक्षा प्रणालीको कमजोरी भएको जनाएको छ । यसमा सरकार संयमित र जिम्मेवार भएर प्रस्तुत हुन नसकेको कांग्रेसको दाबी छ । 'नागरिक सम्मुख राज्यको उपस्थिति बन्दुकको गोली, लाठी र दमनमा भेटिनु उदेकलाग्दो स्थिति हो,' पत्रकार सम्मेलनपछि प्रवक्ता चालिसेले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'सरकारका व्यक्तिहरू फेसबुकमा सीमित हुनु र निजी सहयोगीलाई घटनास्थलमा पठाउनुले नै सरकारको मनोदशा प्रकट भएको छ ।'

यो घटना छानबिनका लागि सरकारी समितिमा भर नपरी स्वतन्त्र, निष्पक्ष, र विश्वसनीय उच्चस्तरीय न्यायिक आयोग बन्नुपर्ने माग कांग्रेसले अघि सारेको छ । भदौ २३-२४ को जेन-जी आन्दोलनप्रति लचक बन्दै आएको कांग्रेसले गौरीबहादुर कार्की आयोगको प्रतिवेदन अपुरो र अधुरो रहेको उल्लेख गर्दै मानव अधिकार आयोको प्रतिवेदनप्रति सरकारको मौनता रहस्यमय रहेको आरोप लगाएको छ । 'मानव अधिकार आयोगको प्रतिवेदनले सरकारमै रहेका केही व्यक्तिको भूमिकाबारे थप अनुसन्धान गर्न र केहीको कानुनी प्रक्रिया अघि बढाउन सिफारिस गरेको परिप्रेक्षमा आरोपित व्यक्तिहरू नै सरकारमा रही गरिने अनुसन्धान निष्पक्ष हुन्छ भन्नु हास्यास्पद हुन्छ,' कांग्रेसले भनेको छ ।

कांग्रेसले राहदानी खरिद प्रकरणमा प्रधानमन्त्री शाहले अख्तियार प्रमुखसम्मलाई बन्धक बनाएको आरोपसमेत लगाएको छ । त्यसैगरी हालै पारित गरिएको प्रतिनिधिसभा नियमावली, २०८३ मा संविधानको क्षेत्राधिकारभन्दा बाहिर गएर केही विषयहरू राखिएको आरोप लगाएको छ ।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

# व्यवसाय बन्द गर्ने चेतावनीकाबीच थप ८९ म्यानपावरमाथि विभागको कारबाही

### संघ भन्छ- विभागको ज्यादतीकै कारण व्यवसाय बन्द गर्नुपर्ने अवस्था आयो

**■ ममता थापा**




**काठमाडौं–** नेपाल वैदेशिक रोजगार व्यवसायी संघले वैदेशिक रोजगार विभागका कारण व्यवसाय बन्द गर्ने स्थिति आएको जनाएको छ । युवा, श्रम तथा रोजगार मन्त्रालयमा भएको छलफलमा व्यवसायीलाई सहजीकरण गर्ने आश्वासन दिए पनि त्यसको केहीबेरमै विभागले कारबाहीको सूचना निकालेपछि व्यवसायीहरू थप रुष्ट भएका जनाइएको छ ।

'मन्त्रीज्यूले व्यवसायीलाई गरेको कारबाही पुनरावलोकन गर्नका निम्ति विभागलाई भनेका छौं, पुनरावलोकन गरेर केही बेरमा सूचना आउँछ भने । हामी ढुक्क भएर निस्कियौं । त्यसको १५ मिनेटमा सूचना त आयो तर कारबाही गरिएको । त्यसबाट व्यवसायी झन् रुष्ट भए,' संघका अध्यक्ष डिकबहादुर खत्रीले भने ।

विभागले मंगलबार ३९ वटा इजाजतपत्र प्राप्त संस्थालाई भारतीय विमानस्थल प्रयोग गरेको भन्दै ५० हजार रूपैयाँ जरिवाना गरिएको सूचना जारी गरेको छ ।

क्रमशः पृष्ठ २ मा

## के भन्छन् व्यवसायी ?

वैदेशिक रोजगार व्यवसायीहरूले वैदेशिक रोजगार विभागले पछिल्लो समय म्यानपावर कम्पनीहरूमाथि गरेको अनुगमन तथा कारबाहीका कारण काम गर्ने अवस्था नरहेको बताएका छन् । धेरैजसो व्यवसायीले केही समयअघि नै काम रोक्न सुझाव दिएको थियो ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघले सरकारलाई गत साउन ८ गते १५ दिनको 'अल्टिमेटम' दिएको थियो । तर यसबीचमा विभागको व्यवहारमा कुनै सुधार नभएकाले आन्दोलनमा जाने भनिरहँदा व्यवसायीको भने आफ्नै धारणा पाइएको छ । विभागले व्यवसायीलाई अपराधीसरह व्यवहार गरेकाले अब सहन नसक्ने व्यवसायी रविन कोइरालाले बताए । 'विभागले हामीलाई अवराधि जस्तो बनाएको छ । हामीलाई अर्थतन्त्र धान्न योगदान पुऱ्याउने व्यवसायी भनेर कहिल्यै कदर गरिएन । अब सहन सक्ने अवस्था छैन,' उनले भने ।

अर्का व्यवसायी तथा वैदेशिक रोजगार व्यवसायी एकता समितिका अध्यक्षसमेत रहेका हरिबहादुर पाण्डेले भने संघले सम्बन्धित निकायमा समस्या नराखी आन्दोलनको घोषणा गरेर अपरिपक्व निर्णय गरेको बताए । 'आन्दोलन समाधान होइन ।

विगतमा संघको नेतृत्वले सरकार प्रमुखसँग भेटेर पहल कदमी गर्थ्यो । अहिले सरकार प्रमुख र सरकार चलाउने पार्टीको अध्यक्षसँग संघले हाम्रो कुरा पुऱ्याएको छैन,' उनले भने, 'प्रधानमन्त्रीले सबै व्यवसायीसँग भेट गरिरहँदा वैदेशिक व्यवसायीसँग किन वार्ता भएन ?' संघको आह्वान नमानेर काम बन्द नगरेको अवस्थामा अर्कै परिणाम आउनेतर्फ पनि संघ सचेत हुनपर्ने पाण्डेको सुझाव छ ।

क्रमशः पृष्ठ २ मा

# विभिन्न मुलुकमा अलपत्र श्रमिकको उद्धार गर्दै श्रम मन्त्रालय

### उद्धार प्रक्रिया अगाडि बढाइसकेको श्रममन्त्री यादवको भनाइ



**काठमाडौं (प्रस)–** युवा, श्रम तथा रोजगार मन्त्रालयले विभिन्न मुलुकमा रहेका कागजपत्र नभएका र भिजिट भिसामा गएर अलपत्र परेका १५५ जना नेपाली नागरिकलाई उद्धार गर्ने भएको छ । राष्ट्रियस्तरको कल्याणकारी कोषको सहयोगबाट तीन श्रमिकहरूको उद्धार गर्न लागिएको हो ।

श्रममन्त्री रामजी यादवले बुधबार प्रतिनिधिसभाको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिमा जानकारी गराउँदै उद्धार प्रक्रिया अगाडि बढाइएको बताए । उनले कोषमा १५ करोड रूपैयाँ बजेट रहेको र त्यसैको सहयोगमा उद्धार गरिने बताए ।

समितिमा मन्त्री यादवले वैदेशिक रोजगारको अवस्था, स्वदेशी श्रमिकको अवस्था, रोजगार सिर्जना र मन्त्रालयसम्बन्धी विभिन्न ऐनको निर्माण प्रक्रियाबारेसमेत जानकारी दिए । उनका अनुसार यो वर्ष एक लाख जनालाई स्वदेशमै रोजगार सिर्जना गर्ने मन्त्रालयको योजना छ । साथै, यसका लागि मन्त्रालयले राष्ट्रिय रोजगार कार्यक्रमअन्तर्गत 'ग्रिन जब मिसन'लगायत विभिन्न १२ वटा कार्य योजना तयार पारेको बताए । उनले समितिलाई जानकारी गराउँदै उनले भने, 'मन्त्रालयले स्वदेशमै रोजगार सिर्जना गर्ने विषयमा प्राथमिकताका साथ काम गरिरहेको छ ।'

यसैगरी, वैदेशिक रोजगारीमा जाने श्रमिकको स्वास्थ्य समस्या समाधान गर्न 'मेडिसिटी' व्यवस्थालाई मन्त्रालय आफैंले सञ्चालन गर्नेसमेत तयारी रहेको उनले बताए । यसअघि वीर अस्पतालका चिकित्सकले फोनको भरमा उपचार सेवा दिने गरेको भए पनि त्यति प्रभावकारी नभएको पनि उनले प्रस्ट पारे ।

बैठकमा उनले वैदेशिक रोजगार ऐन समसामयिक बनाउँदै संशोधन प्रक्रियामा अघि बढेको बताए । साथै, 'फ्रि भिसा' र 'फ्रि टिकट'को नाममा हुने ठगी नियन्त्रण रोक्न आवश्यक रहेको बताउँदै मन्त्री यादवले यसको समस्या समाधान गर्न कार्यदल गठन भएको जानकारी दिए ।

क्रमशः पृष्ठ २ मा

## पृष्ठ १ बाट क्रमशः

## सरकारले सभापति...

'प्रतिनिधिसभा सदस्यको हकमा यो नियमावली संघीय कानुनको रूपमा रही विशेष कानुनसरह लागू हुने छ भन्ने विषय र संविधान संशोधन प्रक्रियामा राखिएको प्रावधान संविधान विपरीत छ, आपत्तिजनक छ,' विज्ञप्तिमा भनिएको छ, 'यो नियमावली सामान्य कानुन नभई यसले संसद्लाई फौजदारी ऐन, मुलुकी ऐन र अन्य प्रचलित कानुनभन्दा माथि राखेको छ। कानुन सबैका लागि समान हुनुपर्ने लोकतान्त्रिक मान्यताको विरूद्ध नियमावलीलाई 'सुपर कानुन' बनाउने यो प्रयास सम्पूर्णरूपमा निन्दायोग्य छ। सांसदहरू आफ्ना लागि आफ्नो अनुकुलको कानुन बनाएर आफुलाई कानुनभन्दा माथि उभ्याउन खोज्नु लोकतन्त्रको आधारभूत सिद्धान्तको प्रतिकूल कार्य हो। नेपाली कांग्रेस यसलाई अस्वीकार गर्दछ। यस विषय सम्मानित अदालतमासमेत विचाराधीन रहेको छ।'

वालेन्द्र नेतृत्वको सरकारले सम्पत्तिको स्रोत र भ्रष्टाचारविरुद्धको कारबाही सम्बन्धमा दोहोरो चरित्र देखाएकोसमेत कांग्रेसको आरोप छ। 'भ्रष्टाचारविरूद्धको शून्य सहनशीलताबारे सरकार नारामा सीमित रहेको छ। आफ्नै मन्त्री, आफ्नै उच्च राजनीतिक पदाधिकारी र प्रभावशाली व्यक्तिले सम्पत्ति सार्वजनिक गर्दा स्रोतबारे उठेका सार्वजनिक प्रश्नहरूको उत्तर आजसम्म आएको छैन। यस्ता नैतिक प्रश्नवाट भाग्ने र अनुसन्धान नगर्ने प्रवृत्तिले अविश्वास जन्माउँछ। के अनुसन्धानको यो राडारवाट रास्वपाका मन्त्री कार्यकर्ता वा समर्थकलाई उन्मुक्ति मिलेको हो ?,' कांग्रेसको प्रश्न छ।

सुशासनमा सरकार चुकेको, सरकारी नियुक्ति र निर्णयहरूमा पारदर्शिता नभएको कांग्रेसको आरोप छ। कूटनीतिक अभ्यासमा पनि सरकार अपरिपक्व देखिएको कांग्रेसको आरोप छ। 'सरकारले दूत वा प्रतिनिधि पठाउने प्रक्रियामा अपनाउनुपर्ने प्रोटोकल, पारदर्शिता र जवाफदेहिताप्रति यो सरकारमा देखिएको कमजोरी वा लापरवाही चिन्ताजनक छ,' कांग्रेसले भनेको छ। गृहमन्त्रीलाई चोख्याएर फेरि सरकारमा ल्याउनु सरकारको नियतमाथि नै प्रश्न गर्नुपर्ने ठाउँ देखिएको कांग्रेसको भनाइ छ। यसैगरी सरकार सुकुमबासी समस्या समाधानमा असफल देखिएको कांग्रेसको आरोप छ। 'चुनावअघि लालपुर्जाको सपना बाँड्ने, चुनावपछि आयोगको नाममा समय काट्ने र समस्या चर्किएपछि डोजर लगाउने शैलीले सरकार नागरिकको समस्याप्रति अनुत्तरदायी देखिन्छ। अस्थायी आयोग, अस्थायी परिचयपत्र र अस्थायी आश्वासनले स्थायी समाधान दिँदैन। भूमिहीन अझै भूमिहीन छन्, सार्वजनिक जग्गा सुरक्षित छैन र सरकार भाषणमै सीमित रहेको छ,' कांग्रेसले भनेको छ।

त्यसैगरी सरकारले निजी क्षेत्र आतंकित पारेको कांग्रेसको आरोप छ। 'राज्यको अर्थतन्त्रले मन्दी, कमजोर लगानी र बढ्दो वेरोजगारी जस्ता समस्याहरूसंग संघर्ष गरिरहेको यो अवस्थामासमेत सरकार निजी क्षेत्रविरूद्ध उत्रिएको देखिन्छ। प्रमाणविना निजी क्षेत्रमा छापा मार्ने, व्यवसायीलाई धरपकड गर्नेमात्र होइन स्वयं सरकारका मन्त्रीहरू कानुन हातमा लिई व्यवसायीको हात खुट्टा भाँच्ने, थुन्ने, कोच्नेजस्ता अमर्यादित र अशोभनीय व्यवहार प्रदर्शित गर्दै आएका छन्,' कांग्रेसले भनेको छ।

ग्यासको अभाव, मलको अभावमा सरकारले कुनै कार्ययोजनासमेत नल्याएको कांग्रेसको आरोप छ। अहिले शिक्षा, शिक्षक र विद्यार्थीको विषयमासमेत सरकार अन्योलमा देखिएको कांग्रेसको दावी छ। यसैगरी जनताका समस्या संवोधनमा सरकार उदासीन देखिएको र यो खतरनाक प्रवृत्ति भएको कांग्रेसको आरोप छ। 'जनताका समस्या र मागप्रति पहिला वेवास्ता गर्ने, त्यसपछि विभिन्न माध्यमबाट त्यसलाई दबाउन खोज्ने, आन्दोलन बढ्दै गएपछि हतारहतार तत्कालका लागि सम्झौता गरेर आवाजलाई कमजोर बनाउने, त्यसको कार्यान्वयनमा सरकार उदासीन हुने र जवाफदेही नहुने सरकारको जुन प्रवृत्ति देखिएको छ, यो खतरनाक छ र आपत्तिजनक छ,' कांग्रेसले भनेको छ।

यी कारणहरू देखाउँदै सरकार सुशासन, पारदर्शिता र जवाफदेहितामा पूर्णरूपमा असफल भएको र सरकारका कमजोरीले सरकारप्रति जनविश्वास निरन्तर खस्किएको कांग्रेसको दाबी छ। 'जनताले नारा होइन, परिणाम खोजेका छन्। आश्वासन होइन, कार्यान्वयन खोजेका छन्। सरकारले राजनीतिक स्टण्टवाट आफ्नो बचाउ गर्ने होइन, पूर्ण पारदर्शिता र जवाफदेहिताबाट जनविश्वास पुनःस्थापित गर्नुपर्छ। अन्यथा इतिहासले यस सरकारलाई समस्या लम्ब्याएर राजनीतिक लाभ खोज्ने असफल सरकारका रूपमा लेख्ने छ,' कांग्रेसले भनेको छ।

■ ■ ■

## ओली पछि...

जो पार्टी सचिव तथा बागमती प्रदेश इञ्चार्ज महेश बस्नेतका विश्वासपात्र हुन्।

यी दुवै नेताबीचको प्रतिस्पर्धा चर्किंदा सोमबार भक्तपुरको गुण्डुस्थित अध्यक्ष ओलीनिवासमा मध्यरातसम्म छलफल भयो। छलफलको क्रममा ओलीको हप्कीदप्की सहन नसकी थपलिया अचेत भएर ढले। ओलीले उनलाई दलको नेताबाट राजीनामा तत्काल दिन दबाब दिएका थिए। किरण थापालाई मुख्यमन्त्री बनाउनुपर्ने भनेका थिए र जसले आफ्नो पक्षमा बहुमत सांसद रहेको दाबी गर्दै समर्थन गर्ने सांसदको संख्या नै सुनाएका थिए। उनलाई मुख्यमन्त्री बनाउन प्रदेश राजधानी हेटौंडामा निकट सांसदहरूले हस्ताक्षर संकलनसमेत गरेका थिए।

मुख्यमन्त्री बनेर बागमतीको सत्ता नेतृत्व गर्ने अवधि करिब एक वर्ष हो। त्यसकै लागि नेताहरू मरिहत्ते गरिरहेका छन्। गुटगत प्रतिस्पर्धा खुलमखुला देखिन थालेको छ। आफ्नै दलका नेताविरुद्ध हस्ताक्षर अभियान चलाउने, राजीनामा माग्ने र शक्ति प्रदर्शन गर्ने अभ्यास गुटगत राजनीतिकै उपज हुन्। बागमती प्रदेशसभामा एमालेका उपसभामुखसहित २५ सांसद छन्। नेकपासँग २६ सांसद छन्। दुवै दल मिल्दा पनि सरकार गठनका लागि आवश्यक ५३ मत पुग्दैन। त्यसैले सरकार गठनका लागि राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) वा अन्य साना दलको समर्थन आवश्यक छ।

यद्यपि, सरकार गठनभन्दा पहिले नै एमालेभित्र मुख्यमन्त्रीको कुर्सीका लागि देखिएको हानथापले पार्टीको आन्तरिक एकता र नयाँ सत्ता समीकरण दुवैमाथि प्रश्न उठाएको छ। अब अध्यक्ष ओलीले आन्तरिक विवाद कसरी टुंग्याउँछन् र अन्ततः मुख्यमन्त्रीको जिम्मेवारी कसले पाउँछ भन्नेमा सबैको चासो केन्द्रित भएको छ।

■ ■ ■

## व्यवसाय बन्द...

त्यस्तै, १२४ वटा संस्थाले विभागलाई श्रमिकको उडान विवरण नबुझाएको र गत असार २६ गते पुनः विवरण माग गर्दासमेत कुनै जवाफ नपठाएकाले ५० हजार रूपैयाँ जरिवाना किन नलिने ? भन्ने स्पष्टीकरण सात दिनभित्र बुझाउन निर्देशनसमेत दिएको छ। असार २६मै विभागले भारतीय विमानस्थलबाट श्रमिक पठाएको भन्दै ५९८ व्यवसायीलाई कारबाही गरेको थियो।

विगतमा व्यवसायीका पनि समस्या बुझेर निर्णय गर्दै आएको विभाग पछिल्लो समय व्यवसायीमाथि ज्यादतिमा उत्रिएको संघका महासचिव हिराबहादुर डाँगीले बताए। विभागले मन्त्रालयको कुरा पनि नसुनेकाले चरणबद्ध आन्दोलनमा जान बाध्य भएको उनको भनाइ छ। 'हामीलाई अरू ठाउँबाट असहयोग भएको छैन। तर विभागको ज्यादती असहय भयो। विभागले मन्त्रालयको कुरा पनि नसुनेको देखियो। शुक्रबार पत्रकार सम्मेलन गरेर चरणबद्ध आन्दोलनमा जान्छौं,' डाँगीले भने।

■ ■ ■

## के भन्छन...

'आन्दोलनमा सबै व्यवसायीले साथ दिन्छन् भन्ने छैन। अहिले बल्ल व्यवसायीले भिसा ल्याइरहेका छन्। चाडबाड नजिकिँदै छ,' उनले भने, 'आज श्रम स्वीकृति, टिकट सबै घरबाटै लिन मिल्छ। अफिस खोल्नै पर्दैन। व्यवसायीले भित्रभित्रै काम गरेर आन्दोलन असफल भयो भने व्यवसायीलाई राज्यले गर्ने व्यवहार कस्तो हुन्छ ?'

व्यवसायी सोमबहादुर तामाङले भने सरकारले अप्ठ्यारो बनाएकाले व्यवसाय बन्द गर्नुको विकल्प नभएको बताए। 'व्यवसाय बन्द गर्नैपर्छ। विगतदेखिकै नीति नियमका कारण अप्ठ्यारो भएको हो,' उनले भने, 'तर अहिलेको सरकारले अक्षरशः पालना गर्ने नाममा हामीलाई समस्यामा पार्‍यो। व्यवसाय नै गर्न नसक्ने नीति नियम कसरी पालना गर्ने ?'

■ ■ ■

## विभिन्न मुलुकमा...

घरेलु कामदारको हकमा वैदेशिक रोजगारमा जाने घरेलु श्रमिकको समस्या चुनौतीपूर्ण रहेको उनले बताए। उनका अनुसार नेपालमै घरेलु श्रमिकको अवसर प्रशस्त रहेको र स्वदेशमै मर्यादित, व्यवस्थित घरेलु कामदारको अवसर सिर्जना गर्न मन्त्रालयले प्रक्रिया सुरु गर्दै छ। वैदेशिक रोजगारको ठगीमा परेकाको उजुरी सुनुवाइ गर्न मन्त्रालयले अनलाइन उजुरी प्रणाली प्रभाकारीरूपमा लागू गरेकोसमेत उनले जानकारी दिए। यसले उजुरी दर्ता गर्नकै लागि काठमाडौंमा धाउनुपर्ने समस्या समाधान भएको उनको धारणा थियो।

# भेटनरी अस्पताल सप्तरीका प्रमुख दाससहित दुई जनाविरुद्ध भ्रष्टाचार मुद्दा

**काठमाडौं (प्रस)**– अख्तियार दुरूप्रयोग अनुसन्धान आयोगले सप्तरीको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, राजविराजका कार्यालय प्रमुख डा. रामपवित्र दाससहित दुई जनालाई घुस लिई भ्रष्टाचार गरेको आरोपमा बुधबार विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरेको छ।

कार्यालय प्रमुख दास र हलुका सवारीचालक भोगेन्द्र यादवले भ्याक्सिनेटर हरूबाट सेवा उपलब्ध गराएबापतको पाउनुपर्ने भुक्तानी रकमको २० प्रतिशत कमिसनबापतको घुस माग गरेको सूचना एवं उजुरीको आधारमा आयोगको टोलीले दुवै जनालाई घुसबापतको एक लाख ३२ हजार रूपैयाँ रकमसहित नियन्त्रणमा लिएको थियो।

कार्यालय प्रमुख दासले सवारी चालक यादवसँगको मिलेमतो तथा योजनामा भुक्तानी रकमको कम्तीमा २० प्रतिशत रकम घुस र रिसवत चाहिने भनी बार्गेनिङ गरी/गराई घुस बुझाउनुपर्ने गरी मोलाहिजा एवं बाध्यतामा पारेर घुसबापतको सो रकम लिइरहेको अवस्थामा नियन्त्रणमा लिएको आयोगका प्रवक्ता सुरेश न्यौपानेले जानकारी दिए। दुवै जनालाई आयोगको इटहरी कार्यालयबाट खटिएको टोलीले घुससहित नियन्त्रणमा लिएको थियो।

आयोगले दुवैजनामाथि भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना सजाय हुन मागदाबी लिई बुधबार विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।


### कर्मचारी हटाईएको सूचना

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त यस **Four Star Overseas Employment Service Pvt.Ltd.** (इजाजत नम्बरः ४२०/०६०/६१) मा कार्यरत निम्न कर्मचारीहरू हाल यस कार्यालयबाट राजीनामा दिई कार्यरत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ। निजहरूसँग यस प्रा.लि.को नाममा बैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्नु/नगराउनु हुन यो सूचना प्रकाशित गरिएको छ। साथै निहरूसँग सम्बन्धित कुनै पनि बैदेशिक रोजगार सम्बन्धी कारोबार वा लेनवदेनबाट यस प्रा.लि. जिम्मेवार हुने छैन। यदि कसैको कुनै दाबी विरोध भएमा ७ (सात) दिनभित्र यस प्रा.लि.वा सम्बन्धित वैदेशिक रोजगार कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

| क्र.सं. | नाम | पद | नागरिकता नं. |
|---|---|---|---|
| १ | डिल्लि जंग गुरुङ्ग | सहायक प्रवर्दन | ८४४२ |
| २ | राजेन्द्र लामा | बजार प्रवर्दन | १०९५० |
| ३ | लाल काजी सुनार | कार्यालय सहायक | ४७० |
| ४ | दुर माया गुरुङ्ग | पिउन | ११२७५० |

इ.प.नं. ४२०/०६०/६१
FOUR STAR OVERSEAS EMPLOYMENT SERVICE PVT. LTD.
Samakhusi-29 Kathmandu, Nepal, Tel: 01-4984202
Email: 4starover09@gmail.com, Website: www.4staroverseas.com

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मिति : २०८३/०४/२१ गते**

यस कम्पनीको मिति २०८३/०४/०३ मा सम्पन्न भएको विशेष साधारण सभाद्वारा यस **शिवाय सिमेन्ट प्रा.लि.**को नाम परिवर्तन गरी **रुद्र शक्ति सिमेन्ट (दर्ता नम्बर ३८४३४३)** कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०८३/०४/१३ गतेको निर्णय अनुसार स्वीकृति प्रदान गरिएको छ। साथै साविकको नाममा रहेको चल अचल सम्पत्ति तथा तिर्नु पर्ने दायित्व यसै कम्पनीले सकार्ने व्यहोर्ने सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

### कर्मचारी हटाईएको सूचना

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त यस **Max Employment Center Pvt.Ltd.** (इजाजत नम्बरः१५३१/०७८/०७९) मा कार्यरत निम्न कर्मचारीहरू हाल यस कार्यालयबाट राजीनामा दिई कार्यरत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ। निजहरूसँग यस प्रा.लि.को नाममा बैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्नु/नगराउनु हुन यो सूचना प्रकाशित गरिएको छ। साथै निहरूसँग सम्बन्धित कुनै पनि बैदेशिक रोजगार सम्बन्धी कारोबार वा लेनदेनबाट यस प्रा.लि. जिम्मेवार हुने छैन। यदि कसैको कुनै दाबी विरोध भएमा ७ (सात) दिनभित्र यस प्रा.लि.वा सम्बन्धित वैदेशिक रोजगार कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

| Name | Citizenship No. | Position |
|---|---|---|
| Kalpana Bista | 56472848 (Parsa) | Manager |
| Januka Rana Magar | 143002/2918 (Udayapur) | Office Assistant |
| Asmita Shahi | 21-01-72-05511 (Sindhuli) | Documentation |
| Kumar Shrestha | 211015 (Ramechhap) | Labour Representaion |
| Abdul Kalam Fakir | 18742 (Mahottari) | P.R.O |

Max Employment Center Pvt. Ltd.
Bijay Chow k-9 Kathmandu, Nepal, Phone: +977-1-4481066, Ram Hari Thapa -9851123749
Email: maxecenter@gmail.com /www.maxecenter.com
श्रम ईजाजत नं. १५३१/०७८/०७९

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मिति : २०८३/०४/२१ गते**

यस कम्पनीको मिति २०८३/०४/३२ मा सम्पन्न भएको विशेष साधारण सभाद्वारा यस **बजरंग होल्डिंग्स प्रा.लि.**को नाम परिवर्तन गरी **बिनायक इन्फ्रा ट्रेड (दर्ता नम्बर ३९५२७४)** कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०८३/०४/१३ गतेको निर्णय अनुसार स्वीकृति प्रदान गरिएको छ। साथै साविकको नाममा रहेको चल अचल सम्पत्ति तथा तिर्नु पर्ने दायित्व यसै कम्पनीले सकार्ने व्यहोर्ने सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

### कम्पनी दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७४/०६/०६ मा दर्ता भएको प्रा.लि.नं. १७५७६२ को **हलेसी खोटाङ रावा एक्सप्रेस प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०१/२९ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम **दर्ता खारेज** गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

### युएइमा रोजगार

कम्पनी : IMDAAD LLC

पूर्व स्वीकृति मिति : २०८२/०४/०२ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०४/२० | LT. No. 327253 | चलानी नं. ६०२४११५८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 111 | 43 | 1000 | ४१,५१४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ साउन २८ गते (13th Aug. 2026) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

SHAN A.B. INTERNATIONAL PVT. LTD.
Maharajgunj (Near Bhatbhateni), Kathmandu, Nepal
Tel- +977 1 4378054/ +977 1 4378890, Contact Person : 9706659209 (Narayan Bhattarai)
श्रम ईजाजत नं. ९१५/०६७/६८

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालयः प्रज्ञा मार्ग, कमलादी, काठमाडौं
फोन नं.: +९७७-१-५९७१२९७/९८
टोल फ्री नं.: १६६०-०१-७७७७१, (NTC) १८१०-२१-७७७७१, (NCELL)
सुझावको लागिः FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्,
मुर्गिया शाखा, सैनामैना नगरपालिका, रुपन्देही
सम्पर्क फोनः +९७७-०७१-४४००४९

### निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना

लिखितम् श्री नरद उपाध्यायको नाति, जेम लाल उपाध्यायको छोरा, लुम्बिनी प्रदेश रुपन्देही जिल्ला, सैनामैना नगरपालिका वडा नं. ३ बस्ने ७९ वर्षको श्री थानेश्वर उपाध्यायको मिति २०८३/०३/११ (ई.सं. २५/०६/२०२६) मा मृत्यु भएकोले स्व. थानेश्वर उपाध्यायकी पत्नी हाल सैनामैना - ०३ बस्ने श्रीमती झविसरा उपाध्यायले मृतकको एकल नाममा यस बैंकमा सञ्चालनमा रहेको खाताको निक्षेप भुक्तानी पाऊँ भनी निवेदन दिनुभएको हुँदा उक्त निक्षेपमा निज बाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित यस बैंकको मुर्गिया शाखा, सैनामैना नगरपालिका, रुपन्देहीमा दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित म्यादभित्र कुनै निवेदन प्राप्त नभएमा वा रित पूर्वकको निवेदन प्राप्त नभएमा कानून बमोजिम रकम भुक्तानी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ।

29 YEARS OF DOING MORE...


## आजको राशिफल



**ज्यो. गुरु अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

**बिहीबार, २१ साउन, २०८३**

| राशि | फल |
|---|---|
| मेष | नयाँ कामको अवसर प्राप्त हुन सक्छ। खर्च नियन्त्रणमा राखे लाभ हुनेछ। |
| वृष | परिवारबाट सहयोग मिल्नेछ। आर्थिक पक्ष क्रमशः सुदृढ बन्ने संकेत छ। |
| मिथुन | काममा व्यस्तता बढ्नेछ। बोलीमा संयम अपनाउँदा सम्बन्ध राम्रो रहनेछ। |
| कर्कट | आत्मविश्वास बढ्नेछ। अध्ययन र सिर्जनात्मक कार्यमा सफलता मिल्नेछ। |
| सिंह | जिम्मेवारी बढ्न सक्छ। धैर्यका साथ अघि बढ्दा राम्रो परिणाम प्राप्त हुनेछ। |
| कन्या | व्यापार र पेशामा प्रगतिको सम्भावना छ। यात्राको अवसर आउन सक्छ। |
| तुला | पुराना काम पूरा हुनेछन्। साथीभाइसँगको सहकार्य फलदायी हुनेछ। |
| वृश्चिक | निर्णय गर्दा हतार नगर्नुहोस्। स्वास्थ्यमा सामान्य ध्यान दिनु उपयुक्त हुनेछ। |
| धनु | नयाँ योजना सुरु गर्न अनुकूल दिन छ। मान-सम्मान बढ्ने सम्भावना छ। |
| मकर | कार्यक्षेत्रमा प्रशंसा प्राप्त हुन सक्छ। आर्थिक लाभको अवसर मिल्नेछ। |
| कुम्भ | सोचअनुसार काम अघि बढ्नेछ। परिवारसँग रमाइलो समय बित्नेछ। |
| मीन | धैर्य र विवेकले चुनौती समाधान हुनेछ। नयाँ अवसरले उत्साह थप्नेछ। |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६२६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| **एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल** | |
| किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

२१ साउन, २०८३ (०६ अगस्ट २०२६)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १५२.३१ | १५२.९१ |
| युरो | १ को | १७५.३१ | १७६.०० |
| पाउन्ड स्टिर्लङ | १ को | २०४.७४ | २०५.५५ |
| स्विस फ्रेन्क | १ को | १८८.०६ | १८८.८० |
| अस्ट्रेलियन डलर | १ को | १०७.०५ | १०७.४७ |
| क्यानाडियन डलर | १ को | १०८.५० | १०८.९३ |
| सिङगापुर डलर | १ को | ११८.६६ | ११९.१३ |
| जापानी येन | १० को | ९.६५ | ९.६८ |
| चिनियाँ युआन | १ को | २२.५५ | २२.६४ |
| साउदी अरब रियाल | १ को | ४०.५५ | ४०.७१ |
| कतारी रियाल | १ को | ४१.७८ | ४१.९५ |
| थाई भाट | ख १ को | ४.५६ | ४.५७ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ४१.४७ | ४१.६४ |
| मलेसियन रिङेट | १ को | ३७.१८ | ३७.३३ |
| दक्षिण कोरियन वन | १०० को | १०.६४ | १०.६८ |
| स्विडिस क्रोनर | १ को | १५.९३ | १५.९९ |
| डेनिस क्रोनर | १ को | २३.४५ | २३.५४ |
| हङकङ डलर | १ को | १९.४२ | १९.५० |
| कुवेती दिनार | १ को | ४९५.८० | ४९७.७५ |
| बहराइन दिनार | १ को | ४०३.९५ | ४०५.५४ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ। वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ। अद्यावीधक विनिमय दर बैंकको वेभसाइट www .nrb .org .np मा उपलब्ध हुनेछ।

नेपाल टेलिभिजनको उपकरण खरिदमा अनियमितता प्रकरण

# छानबिन समितिले बुझायो प्रतिवेदन

**काठमाडौं–** नेपाल टेलिभिजन (हाल सार्वजनिक सेवा प्रसारण संस्था) ले विगतका वर्षहरूमा खरिद गरेका उपकरण तथा सेवामा अनियमितता र कानुनी त्रुटि भएको औंल्याउँदै छानबिन समितिले आफ्नो प्रतिवेदन सरकारलाई बुझाएको छ ।

'नेपाल टेलिभिजनको डिजिटल ट्रान्समिटर, अडियो-भिजुअल र ग्राफिक्स प्रणाली, प्लेआउट अटोमेसन र अनलाइन प्लेटफर्महरूको खरिदसम्बन्धी छानबिन समिति, २०८३' ले बुधबार सूचना तथा सञ्चारमन्त्री डा. विक्रम तिमिल्सिनासमक्ष प्रतिवेदन पेस गरेको हो । उक्त प्रतिवेदनले नेपाल टेलिभिजनमा भएका केही खरिद प्रक्रियामा नियमविपरीत निर्णय, कानुनी त्रुटि तथा आर्थिक दायित्व सिर्जना गर्ने प्रकृतिका काम भएको निष्कर्ष निकालेको छ ।

छानबिन समितिको प्रतिवेदनअनुसार नेपालमा भू-सतही टेलिभिजन प्रसारणलाई पूर्णरूपमा डिजिटल प्रणालीमा रूपान्तरण गर्ने उद्देश्यका साथ अन्तर्राष्ट्रिय दूरसञ्चार संघ (आइटियू) को सहयोगमा तयार गरिएको मार्गचित्रमा तय गरिएको एनालग 'स्विच अफ' र डिजिटल 'स्विच ओभर'को समयसीमा अत्यधिक महत्त्वाकांक्षी र यथार्थपरक नभएको देखिएको छ । त्यसका कारण हालसम्म पनि नेपाल टेलिभिजनको प्रसारण पूर्णरूपमा डिजिटल स्विच-ओभरको लक्ष्यअनुसार अघि बढ्न नसकेको प्रतिवेदनमा उल्लेख छ ।

त्यस्तै, आर्थिक वर्ष २०७९/८० मा 'आर्काइभ डिजिटाइजेसन' शीर्षकमा प्राप्त बजेटलाई आर्थिक वर्ष २०८०/८१ र २०८१/८२ मा अडियो-भिडियो उपकरण शीर्षकमा नियमविपरीत राखी अघिल्लो वर्षको परियोजनाका रूपमा खर्च गरिएको तथा सोही बजेटबाट एलसी खोलेर खरिद प्रक्रिया अघि बढाइएको कार्य अनियमित प्रकृतिको रहेको छानबिन समितिको निष्कर्ष छ ।

त्यसैगरी, मन्त्रालयको पूर्वनिर्देशनविपरीत दीर्घकालीन आर्थिक दायित्व सिर्जना हुने गतिविधि अघि बढाइएको पनि प्रतिवेदनमा औंल्याइएको छ । मन्त्रालयबाट पूर्वस्वीकृति नलिई नेपाल टेलिभिजन सञ्चालक समितिले आन्तरिक स्रोतबाट चार करोड ८७ लाख रूपैयाँ विनियोजन गरी अडियो तथा भिडियो उपकरण खरिदका लागि भुक्तानी गर्ने निर्णय गरेको र त्यसबाट संस्थाको आन्तरिक कोषमा थप आर्थिक भार परेको प्रतिवेदनमा उल्लेख छ । डिजिटल प्लेटफर्म सञ्चालनका लागि गरिएको पाँच वर्षे सम्झौता सन् २०२४ मा समाप्त भएपछि नेपाल टेलिभिजनले सो सेवा आन्तरिकरूपमा सञ्चालन गरिरहेको पनि प्रतिवेदनमा उल्लेख गरिएको छ ।

ग्राफिक्स प्रणाली खरिदसम्बन्धी बोलपत्र (एनटिभी ०७४/७५-११) को मूल्यांकन प्रक्रियामा पनि कानुनी त्रुटि भएको समितिको निष्कर्ष छ । प्राविधिक स्पेसिफिकेसन फेल भएको बोलपत्रलाई नै ठेक्का दिएको पनि उल्लेख छ ।

त्यस्तै, बोलपत्र कागजातमै 'कन्सोर्टियम' मार्फत सहभागिता स्वीकार्य नहुने स्पष्ट व्यवस्था हुँदाहुँदै त्यस्तो सर्त पूरा नगरेको प्रस्ताव स्वीकृत गरिएको तथा मूल्य प्रस्तावसम्बन्धी अनिवार्य सर्तसमेत पालना नगरिएको प्रतिवेदनमा उल्लेख छ । बोलपत्र मूल्यांकन, सम्झौता र भुक्तानी प्रक्रियामा प्रत्यक्ष संलग्न कर्मचारी तथा पदाधिकारीहरूले बोलपत्र कागजातको व्यवस्थाविपरीत अनधिकृत र गैरकानुनी कार्य गरेको देखिएको छानबिन समितिले जनाएको छ ।

त्यस्तै, पहिल्यै हस्ताक्षर भई अभिलेखीकृत भइसकेको खरिद सम्झौतामा पछि छेडछाड गरी सन् २०१८ अक्टोबर ४ मा सोहेतो सिंगापुर पिटिई लिमिटेडलाई सम्झौताको एउटा पक्ष बनाइएको तथा सोही संशोधित सम्झौताका आधारमा एलसी खोल्ने, भुक्तानी दिनेलगायतका कार्य भएको उल्लेख गर्दै यसमा संलग्न पदाधिकारी तथा कर्मचारीले गैरकानुनी कार्य गरेको समितिको निष्कर्ष छ ।

छानबिन समितिले भविष्यमा यस्ता समस्या दोहोरिन नदिन मन्त्रालय र नेपाल टेलिभिजनलाई विभिन्न नीतिगत सुझाव पनि दिएको छ । प्रतिवेदनमा डिजिटल भू-सतही टेलिभिजन प्रसारणका लागि लागू गरिएको वर्तमान मार्गचित्रको पुनरावलोकन गर्न, भू-सतही, भू-उपग्रह, फाइबर तथा ओटीटी प्रणालीलाई समन्वय गरी समयानुकूल र व्यवहारिक प्रसारण विकास मार्गचित्र तयार गर्न तथा नेपालमै उपलब्ध प्राविधिक उपकरण खरिद गर्दा स्वदेशी आपूर्तिकर्ताबीचको प्रतिस्पर्धालाई प्राथमिकता दिनुपर्ने सुझाव समितिले दिएको छ ।

समितिले पहिचान गरेका अनियमित तथा गैरकानुनी कामकारबाही भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गत अनुसन्धानयोग्य देखिएको उल्लेख गर्दै अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १४(१) बमोजिम आवश्यक कारबाही अघि बढाउन पनि सिफारिस गरेको छ ।

नेपाल टेलिभिजनमा विगत केही वर्षदेखि प्रविधि तथा प्रसारण प्रणाली आधुनिकीकरणका लागि भएका विभिन्न उपकरण तथा सेवा खरिद प्रक्रियाको पारदर्शिता, प्रतिस्पर्धा र कानुनी प्रक्रियाको पालनाबारे प्रश्न उठ्दै आएका छन् भने विभिन्न निकायमा उजुरीसमेत परेका छन् । त्यस्ता उजुरी तथा गुनासोबारे अध्ययन गर्न सूचना तथा सञ्चार मन्त्रालयले गत असार १ गते डा. सुदीप भट्टराईको संयोजकत्वमा चार सदस्यीय छानबिन समिति गठन गरेको थियो । समितिलाई नेपाल टेलिभिजनले विभिन्न समयमा खरिद गरेका उपकरण, सफ्टवेयर तथा डिजिटल प्रणालीसँग सम्बन्धित उजुरी, प्रतिवेदन र सार्वजनिक सरोकारका विषयहरूको तथ्यपरक अध्ययन गरी सुझावसहित प्रतिवेदन पेश गर्ने कार्यादेश दिइएको थियो ।

मुख्यगरी नेपाल टेलिभिजनले खरिद गरेका ग्राफिक्स प्रणाली, न्यु मिडिया (डिजिटल प्लेटफर्म) सेवा, अडियो-भिडियो उपकरण, डिजिटल ट्रान्समिटर तथा इटहरी च्यानलका लागि खरिद गरेको 'प्लेआउट अटोमेसन सिस्टम' सम्बन्धमा विभिन्न निकायमा उजुरी तथा गुनासो परेपछि मन्त्रालयले आन्तरिक जानकारी प्रयोजनका लागि छानबिन प्रक्रिया अघि बढाएको थियो । यसअघि सञ्चार मन्त्रालयले नेपाल टेलिभिजनको स्याटेलाइट ब्याण्डविथ खरिदबारे छुट्टै समितिमार्फत छानबिन गराइसकेको छ । स्याटेलाइट ब्याण्डविथ खरिदसम्बन्धी छानबिन समितिले साढे २० करोडभन्दा बढी आर्थिक हिनामिना भएको निष्कर्षसहितको प्रतिवेदन मन्त्रालयलाई बुझाइसकेको छ । मन्त्रालयले थप अध्ययनका लागि उक्त प्रतिवेदन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई बुझाइसकेको छ । *रासस*

## तीन अन्तर्राष्ट्रिय मानवअधिकारवादी संस्थालाई स्पष्टीकरण सोध्न संसदीय समितिको निर्देशन

**काठमाडौं (प्रस)–** प्रतिनिधिसभाको कानुन, न्याय तथा मानवअधिकार समितिले नेपालको न्यायालयको स्वतन्त्रताबारे सार्वजनिक वक्तव्य दिने तीन अन्तर्राष्ट्रिय संस्थालाई स्पष्टीकरण सोध्न सरकारलाई निर्देशन दिएको छ ।

समितिको बुधबारको बैठकले एम्नेस्टी इन्टरनेसनल, कमिसन अफ ज्युरिस्ट्स र ह्युमन राइट्स वाचले नेपालको न्यायपालिका तथा सार्वभौमसत्तासँग सम्बन्धित विषयमा न्यायिक अधिकारक्षेत्रसम्बन्धी अधिकारसमेतका सम्बन्धमा यही साउन ८ गते संयुक्त विज्ञप्ति प्रकाशन गरेको विषयमा स्पष्टीकरण सोध्न निर्देशन दिने निर्णय गरेको हो । सो विज्ञप्तिबारे सम्बन्धित संस्थाहरूबाट आधिकारिक प्रमाणसहित स्पष्टीकरण माग्न समितिले महिला, बालबालिका, लैंगिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालयलाई भनेको छ ।

समितिले स्वतन्त्र न्यायपालिकाको मर्म, शक्ति पृथकीकरणको सिद्धान्त तथा सुशासनको मान्यताअनुसार न्याय प्रशासनलाई अझ पारदर्शी उत्तरदायी र सेवामैत्री बनाउन आवश्यक पहल गर्न सरकारलाई सुझाव दिएको छ । साथै, आगामी बैठकहरूमा पनि यस विषयमा थप छलफल गर्ने निर्णय गरिएको छ ।

समितिले समाज कल्याण परिषद् ऐन, २०४९, समाज कल्याण नियमावली, २०४९ तथा प्रचलित कानुनबमोजिम मन्त्रालय एवं समाज कल्याण परिषद्बाट स्वीकृत हुने गैरसरकारी संस्थासँगको परियोजना सम्झौताको कार्यान्वयनलाई थप व्यवस्थित, मर्यादित र पारदर्शी बनाउन पनि निर्देश गरेको छ । गैरसरकारी तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले परियोजना सम्झौताअनुसार स्वीकृत उद्देश्य र गतिविधि कार्यान्वयन गरे-नगरेको विषयमा सूक्ष्म, प्रभावकारी र नियमित अनुगमन तथा मूल्यांकनको व्यवस्था गर्न पनि समितिले सरकारलाई सुझाव दिएको छ । बैठकमा कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोबिता गौतम, सांसद र कानुन विज्ञसँग छलफलपछि उक्त निर्देशन दिइएको हो ।

### वैदेशिक रोजगार विभागको सार्वजनिक सूचना

*प्रकाशित मिति : २०८३/०४/२१ गते*

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न ईजाजत प्राप्त तपसिल वमोजिमका **श्री Divine Power H.R.Solution Pvt. Ltd.** (इ.प.नं.१५७७/०७९/८०) काठमाडौंको सञ्चालक/शेयरधनीहरूले आफ्नो नाममा कायम रहेको शेयरहरू दा.खा.नामसारी गरी पाउन कम्पनी रजिष्ट्रारको कार्यालयका नाममा सहमतिको सिफारिश गरी दिन यस विभागमा निवेदन दिएको हुँदा माग वमोजिम शेयर हक हस्तान्तरण तथा नामसारीको सहमति दिँदा कोही कसैको हक स्वामित्व तथा लेनदेनमा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले **१५ (पन्ध्र) दिन**भित्र सवुद प्रमाण सहित वैदेशिक रोजगार विभागमा सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग बमोजिम शेयर नामसारीको लागि सहमति भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ ।

**तपसिल :**

| साविकका शेयरधनीहरूको नाम | अब कायम हुने शेयरधनीहरूको नाम |
|---|---|
| १. होमनाथ ज्ञवाली (०१-२,५००) | १. होम नाथ ज्ञवाली (०१-२,५०१) |
| २. मिजास क्षेत्री (२,५०१-३७,५००) | २. चुडा बहादुर कार्की (२,५०१-५०,०००) |
| ३. सतारा प्रासद काफ्ले (३७,५०१-५०,०००) | |

**एन आई सी एशिया बैंक लिमिटेड**
NIC ASIA
एन आई सी एशिया बैंक लि.
रजिष्टर्ड कार्यालय: का.म.पा., वडा नं. २८, कमलादी, प्रज्ञा मार्ग
फोन नं.: +९७७-१-५९७१२९७/९८
टोल फ्री नं.: १६६०-०१-७७७७१, (NTC) १८१०-२१-७७७७१, (NCELL)
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्,
गैडाकोट शाखा, गैडाकोट नगरपालिका, नवलपरासी
सम्पर्क फोन: +०७८-५०१८५२ /२७५२

**निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना**

लिखितम् श्री हरिलाल सापकोटाको नाति, बाल कृष्ण सापकोटाको छोरा, गण्डकी प्रदेश नवलपरासी जिल्ला, गैडाकोट नगरपालिका वडा नं. ५ हाल नवलपरासी जिल्ला, गैडाकोट नगरपालिका वडा नं. ५ बस्ने ८६ वर्षको श्री भागीरथ सापकोटा मिति २०८३/०३/१२ (ई.सं. २६/०६/२०२६) मा मृत्यु भएकोले स्व. भागीरथ सापकोटाकी पत्नी हाल गैडाकोट नगरपालिका वडा नं. ५ बस्ने श्रीमती इन्द्रा देवी सापकोटाले मृतकको एकल नाममा यस बैंकमा सञ्चालनमा रहेको खाताको निक्षेप भुक्तानी पाऊँ भनी निवेदन दिनुभएको हुँदा उक्त निक्षेपमा निज बाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित यस बैंकको गैडाकोट शाखा, गैडाकोट नगरपालिकामा दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्यादभित्र कुनै निवेदन प्राप्त नभएमा वा रित पूर्वकको निवेदन प्राप्त नभएमा कानून बमोजिम रकम भुक्तानी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ ।

29 YEARS OF DOING MORE...

**एन आई सी एशिया बैंक लिमिटेड**
NIC ASIA
एन आई सी एशिया बैंक लि.
रजिष्टर्ड कार्यालय: का.म.पा., वडा नं. २८, कमलादी, प्रज्ञा मार्ग
फोन नं.: +९७७-१-५९७१२९७/९८
टोल फ्री नं.: १६६०-०१-७७७७१, (NTC) १८१०-२१-७७७७१, (NCELL)
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्,
क्षेत्रपाटी शाखा, काठमाडौं महानगरपालिका
सम्पर्क फोन: +९७७-०१-५३६२११६

**निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना**

लिखितम् श्री गणेश प्रसाद श्रेष्ठको नाति, नारायण दास श्रेष्ठको छोरा, बागमती प्रदेश काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं.२८ हाल काठमाडौं - २५ बस्ने ७६ वर्षको श्री रामेश्वर प्रसाद श्रेष्ठको मिति २०६८/१२/१७ (ई.सं. ३०/०३/२०१२) मा मृत्यु भएकोले स्व. रामेश्वर प्रसाद श्रेष्ठको छोरा हाल काठमाडौं - २५ बस्ने श्रीमान दिनेश्वर प्रसाद श्रेष्ठले मृतकको एकल नाममा यस बैंकमा सञ्चालनमा रहेको खाताको निक्षेप भुक्तानी पाऊँ भनी निवेदन दिनुभएको हुँदा उक्त निक्षेपमा निज बाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित यस बैंकको क्षेत्रपाटी शाखा, काठमाण्डौं महानगरपालिकामा दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्यादभित्र कुनै निवेदन प्राप्त नभएमा वा रित पूर्वकको निवेदन प्राप्त नभएमा कानून बमोजिम रकम भुक्तानी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ ।

29 YEARS OF DOING MORE...


**युएइमा रोजगार** कम्पनी : DUSSMANN GULF- SOLE PROPRITORSHIP L.L.C.

पूर्व स्वीकृति मिति : २०८२/०३/२९ पुन विज्ञापन स्वीकृति मिति : २०८३/०४/२० LT. No. 326979 चलानी नं. ६०२४०९४८

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | AED | ने.रू. | | | | | | | |
| 1 | Labourer/Cleaner | 86 | 0 | 1000 | ४१,५१४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन २८ गते (13th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Max Employment Center Pvt. Ltd.**
Bijay Chowk-9 Kathmandu , Nepal
Mobile No. Santosh (9813663119), Nanu (9700810329), Resham (9851408480)
Email: maxecenter@gmail.com /www.maxecenter.com
श्रम ईजाजत नं. १५३१/०७८/०७९



**युएइमा रोजगार** कम्पनी : PROSCAPE LLC

पूर्व स्वीकृति मिति : २०८३/०१/१४ पुन विज्ञापन स्वीकृति मिति : २०८३/०४/२० LT. No. 341116 चलानी नं. ६०२५४४८४

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | AED | ने.रू. | | | | | | | |
| 1 | Garden Worker | 100 | 0 | 1000 | ४१,५१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन २८ गते (13th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**RED SUN EMPLOYMENT SERVICE PVT.LTD.** (Red Sun Solutions Pvt.ltd)
Govt. License 1274/074/75
Chabahil-7, Chuchepati, Kathmandu, BAGMATI, Tel : +977-01-5210104,
Email: inforedsun2017@gmail.com, Web: www.redsunemployment.com.np



**साउदीमा रोजगार** कम्पनी : RAWABI IDENTITY COMPANY LIMITED

पूर्व स्वीकृति मिति : २०८३/०४/२० LT. No. 346049 चलानी नं.६०२५९३२४

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Building demolition worker | 5 | 0 | 1200 | ४८,७५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन २८ गते (13th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**CENTRAL CAPITAL SERVICES PVT.LTD.**
श्रम ईजाजत नं. ५७४/०६२/०६३
Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492, Kumar Tamang +977 985-1118313
E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com



**युएइमा रोजगार** कम्पनी : GHORI TRADING L L C

पूर्व स्वीकृति मिति : २०८१/११/११ पुन विज्ञापन स्वीकृति मिति : २०८३/०४/२० LT. No. 319296 चलानी नं. ६०२३३५३३

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | AED | ने.रू. | | | | | | | |
| 1 | PROMOTERS | 0 | 1 | 1500 | ६२,२७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन २८ गते (13th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Ganapati Overseas Pvt.Ltd.**
Sinamangal -9 Kathmandu, Tel: 01-411082, 9808865846, 9843757032, Email: career.ganapati@gmail.com
श्रम ईजाजत नं. २५८/०५८/०५९



**युएइमा रोजगार** कम्पनी : ARUN VALLEY BUILDINGS MAINTENANCE AND CLEANING SERVICES L.L.C

पूर्व स्वीकृति मिति : २०८२/०४/२३ पुन विज्ञाप स्वीकृति मिति : २०८३/०४/२० LT. No. 328700 चलानी नं. ६०२४२६९३

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | AED | ने.रू. | | | | | | | |
| 1 | Labour | 50 | 0 | 1000 | ४१,५१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ARUN VALLEY BUILDINGS MAINTENANCE AND CLEANING SERVICES L.L.C

पूर्व स्वीकृति मिति : २०८२/०४/२३ पुन विज्ञाप स्वीकृति मिति : २०८३/०४/२० LT. No. 328699 चलानी नं. ६०२४२६९२

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | AED | ने.रू. | | | | | | | |
| 1 | Labour | 50 | 0 | 1000 | ४१,५१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन २८ गते (13th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Chinari Overseas Pvt. Ltd.**
Govt. License 1165/073/074
Dhumbarahi, Kathmandu, Nepal, Tel : +977-1-4372922/ 4376922, E-mail : chinarioverseas@gmail.com Website :chinarioverseas.com



**साउदीमा रोजगार** कम्पनी : PIZZA EXPRESS RESTAURANT FOR SERVING MEALS सेवा शुल्क: १०,०००

पूर्व स्वीकृति मिति : २०८३/०४/०४ LT. No. 345136 चलानी नं. ६०२५९३१६

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Cook | 3 | 0 | 1800 | ७३,१३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SANDOOQ AND LOQMA FOOD TRADING ESTABLISHMENT सेवा शुल्क: १०,०००

पूर्व स्वीकृति मिति : २०८३/०१/०७ LT. No. 345135 चलानी नं. ६०२५८४७५

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Confectioners | 2 | 0 | 1500 | ६०,९४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन २८ गते (13th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Al Faraz International Overseas Pvt. Ltd**
Gaurighat, Gaurinagar, Kathmandu, Nepal, Contact: 9847416116, Email: hiringalfaraz@outlook.com
Govt. License 1553/079/80



**युएइमा रोजगार** कम्पनी : Seattle International Services

पूर्व स्वीकृति मिति : २०८३/०४/२० LT. No. 346125 चलानी नं. ६०२५९३४८

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | AED | ने.रू. | | | | | | | |
| 1 | Asst Labour | 10 | 0 | 1000 | ४१,५१४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Building Labor | 85 | 0 | 1000 | ४१,५१४ | | | | | | | |
| 3 | Carpenter | 40 | 0 | 1500 | ६२,२७२ | | | | | | | |
| 4 | Steel Fitter | 30 | 0 | 1500 | ६२,२७२ | | | | | | | |
| 5 | Welder | 35 | 0 | 1500 | ६२,२७२ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन २८ गते (13th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**All Skills International Human Resource Pvt.ltd.**
श्रम ईजाजत नं ९५७/०६७/०६८
Maharajganj-03, Basundhara, Kathmandu, Nepal, Tel +977-1-4989541-4989542, (Shiva Subedi) +977 986-9422479
E-Mail : allskillsintl@gmail.com, allskillskishor@gmail.com, Website : www.allskillsintl.com



**मलेसियामा रोजगार** कम्पनी : STANDARD COATING SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/१२/२० पुन विज्ञापन स्वीकृति मिति : २०८३/०४/२० LT. No. 340419 चलानी नं. ६०२५३८०७

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | General Worker/Factory Worker | 10 | 0 | 1700 | ६३,१३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय ललितपुरमा मिति: २०८३ साउन २८ गते (13th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**S.And S.Human Resource Pvt. Ltd.**
Mahalaxmisthan, Lalitpur, Nepal Tel : +977-1-5423287
Fax : +977-1-5423287, E-mail : sands1238@gmail.com
श्रम ईजाजत नं. १२३८/०७४/०७५



**साउदीमा रोजगार** कम्पनी : EMDAD HUMAN RESOURCES FOR RECRUITMENT COMPANY

पूर्व स्वीकृति मिति : २०८३/०४/२० LT. No. 346119 चलानी नं. ६०२५९३३२

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Construction Worker | 25 | 0 | 1000 | ४०,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन २८ गते (13th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 1082/073/74
**NEPAL HR SOLUTION PVT. LTD.**
Kalimatidol-9, Sinamangal, Kathmandu, Nepal, Tel: 01-01-4593555/4593554, 9852651444
E-mail : snepalhr@gmail.com/info@nepalhrsolution.com, Web: www.nepalhrsolution.com



**ओमनमा रोजगार** कम्पनी : LAMSAT AL FAKHAAR

पूर्व स्वीकृति मिति : २०८३/०४/२० LT. No. 346114 चलानी नं. ६०२५९३३०

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | OR | ने.रू. | | | | | | | |
| 1 | Cook (General | 1 | 0 | 150 | ५९,४८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Food Server / Waiter | 1 | 0 | 140 | ५५,५१५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन २८ गते (13th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Omega International Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075



**कुवेतमा रोजगार** कम्पनी : MOVENPICK HOTEL & RESORT AL BIDA'A

पूर्व स्वीकृति मिति : २०८३/०४/२० LT. No. 346083 चलानी नं. ६०२५९३२३

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | KD | ने.रू. | | | | | | | |
| 1 | Waiter & Waitress | 5 | 5 | 140 | ६८,९९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | A COOK | 3 | 0 | 150 | ७३,९२५ | | | | | | | |
| 3 | Room Attendants | 3 | 5 | 120 | ५९,१४० | | | | | | | |
| 4 | laundry valet/presser general | 5 | 0 | 110 | ५४,२०० | | | | | | | |
| 5 | Cleaner I | 3 | 5 | 110 | ५४,२०० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन २८ गते (13th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

AL NOOR OVERSEAS
श्रम ईजाजत नं. १०६६/०७३/०७४
**Al Noor Overseas Pvt. Ltd**
Samakhushi-26, Kathmandu, Nepal Phone : +977-4983094, 4960824
E-Mail : operation.alnoor@gmail.com, mktmp.alnooroverseas@gmail.com, Website : www.alnooroverseas.com



**ओमनमा रोजगार** कम्पनी : MODERN PROJECTS OF MUTASIM AL SABRI

पूर्व स्वीकृति मिति : २०८३/०४/२० LT. No. 346001 चलानी नं. ६०२५९३१२

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | OR | ने.रू. | | | | | | | |
| 1. | Barista | 2 | 0 | 150 | ५९,४८२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cook General | 3 | 0 | 150 | ५९,४८२ | | | | | | | |
| 3. | Food Waiter (Male) | 2 | 0 | 140 | ५५,५१६ | | | | | | | |
| 4. | Juice Makers | 1 | 0 | 130 | ५१,५५१ | | | | | | | |
| 5. | Sandwich Maker | 2 | 0 | 130 | ५१,५५१ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन २८ गते (13th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Al Kausar Human Resource Pvt.Ltd.** (Makawanpur Overseas Pvt. Ltd.)
श्रम ईजाजत नं.११४२/०७३/०७४
Gairigaun - Tinkune, Kathmandu, Nepal, 9813048932 (Abdullah), E-mail : alkausar.hrm@gmail.com

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# दोषारोपण छाडेर छिटो समाधान खोज

मंगलबार प्रतिनिधिसभामा प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेस संसदीय दलका नेता भीष्मराज आङ्देम्बेले भूमिहीन सुकुमबासीको समस्याका सम्बन्धमा जरुरी सार्वजनिक महत्त्वको प्रस्ताव दर्ता गरेका थिए । सरकारले काठमाडौंको नदी किनारबाट वैशाख १२ गते सुकुमबासीलाई हटाए पनि अहिलेसम्म उनीहरूलाई बासको व्यवस्था गर्न सकेको छैन ।

यो बीचमा भूमिहीनले विभिन्न सास्ती भोग्दै आएका छन् । सरकारले भने उनीहरूलाई थम्थमाउँदै आएको छ । तर साउन सकिनै लाग्दासमेत सरकारले यो विषयमा समाधान के भन्ने विषय पत्ता लगाउन सकेको छैन । काठमाडौं उपत्यकामा सरकारले सुकुमबासीलाई व्यवस्थापन गर्न जग्गा भेटेको छैन । भूमिहीनलाई राख्न तयार गरेको भनिएको अपार्टमेन्टमा उनीहरू अट्ने सम्भावना पनि छैन । जसकारण अहिले भूमिहीनलाई व्यवस्थापन गर्ने विषय सरकारका लागि टाउको दुखाइको विषय भएको छ । महिना दिनअघि सरकारले ५०० दिनमै यो समस्या समाधान गर्ने दाबी गरेको थियो । यसका लागि भूमि समस्या समाधान समितिमार्फत काम गर्ने भनिएको थियो ।

तर भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री प्रतिभा रावल स्थानीय सरकारलाई दोष लगाएर पन्छिन खोजिन् । सरकार गम्भीर भएर काम गरे पनि स्थानीय तहको असहयोगका कारण भूमिहीनलाई जग्गा मिलाउने काम अवरुद्ध भएको उनको दाबी थियो । मन्त्री रावलका अनुसार मकवानपुरगढी, मिथिला नगरपालिका, भोजपुर नगरपालिकालगायतले सूचना जारी गरिदिएका छैनन् ।

सुकुमबासी समस्या पहिचान, जग्गा वितरण र पुनर्स्थापनाका विषयमा तीनै तहका सरकारबीच समन्वय आवश्यक छ । स्थानीय तहसँग समन्वय गर्नु संघीय सरकारको दायित्व हो । सम्बन्धित स्थानीय तहले किन आफ्ना क्षेत्रका नागरिकलाई व्यवस्थापनमा असहयोग गरिरहेका छन् भन्नेबारे संघीय सरकारले सहजीकरण गर्नुपर्छ । उनीहरूलाई सम्बन्धित स्थानीय तहले साथ दिएन भन्दैमा भूमिहीनलाई सधैं बिचल्ली बनाएर राख्न हुन्न ।

सरकारप्रतिको विश्वास बढाउन सरकारले कुनै कसर बाँकी राख्न नहुने हो । तर ढिलासुस्तीका कारण अहिले बागमती नदी किनारमा बस्दै आएका केही भूमिहीनहरू सरकारको सम्पर्कमा पुगेका छैनन् । त्यसैले पनि सरकारले उनीहरूलाई सम्पर्कमा आउन भन्दै म्याद थप गरेको छ । विगतका सरकारप्रति जनताको अविश्वास बढ्नुको मुख्य कारण कार्यसम्पादन नै हो । जुनसुकै विषयमा ढिलाइ गर्नु असन्तुष्टिको मुख्य कारण हो ।

अहिलेको सरकारले पनि यसैगरी ढिलाइ गरिरहेको छ । आफूले नसकेपछि अरूलाई दोष दिँदै पन्छिनु गैरजिम्मेवारीपन हो । त्यसैले सरकारले स्थानीय सरकारसँग समन्वय गरेर छिटोभन्दा छिटो सुकुमबासी समस्या समाधान गर्नुपर्छ । नभए सरकारका लागि यही विषय काउसो र गलपासो बन्दै जाने छ ।

## श्रम सरोकार

# नेपालमा पैसा पठाउँदा ध्यान दिनुपर्ने कुराहरू

विदेशमा कमाएको पैसा सुरक्षितसँग घरमा पठाउनु उत्तिकै आवश्यक छ । अवैधानिक माध्यमबाट पठाउँदा ठगीमा परिने सम्भावना हुन्छ । विदेशबाट नेपालमा आफ्ना आफन्तलाई पैसा पठाउन बैंक खाता वा रेमिटचान्स कम्पनीहरूको प्रयोग गर्न सकिन्छ । अझ रेमिटचान्सबाट पठाउन तुलनात्मकरूपमा सस्तो, सहज र भरपर्दो हुन्छ । वैधानिक माध्यमबाट रेमिटचान्स पठाउनेलाई सरकारले विभिन्न सुविधासमेत दिएको छ ।

नेपालमा पैसा पठाउन विभिन्न रेमिटचान्स कम्पनीहरूले सेवा दिँदै आइरहेका छन् । आफू कार्यरत देशबाट कुन-कुन रेमिटचान्स कम्पनीले नेपालमा पैसा पठाउन काम गरिरहेका छन् भन्ने बुझ्नुपर्छ । अझ यसमा बुझ्न के जरुरी छ भने ती रेमिटचान्स कम्पनी नेपालमा रेमिटचान्स कारोबार गर्न अनुमति प्राप्त कम्पनी हो कि होइन । कतिपय अनुमति नलिई सञ्चालन गरिएको कम्पनीले कम सेवा शुल्क र बढी विनिमय दरमा पठाइदिने प्रलोभनमा पारेर ठगी गर्न सक्छन् । यसमा सचेतता अपनाउन जरुरी छ ।

रेमिटचान्स पठाउँदा पूर्ण विवरणसहित रकम पठाएको भौचर लिन अनिवार्य हुन्छ । त्यस्तो भौचर सुरक्षित राख्नुपर्छ । केही कारण नेपालमा पाउनुपर्ने व्यक्तिले नपाएको खण्डमा उक्त भौचरमार्फत दाबी गर्न सकिन्छ । यसका अलावा नेपालमा आउँदा सरकारले दिएका विभिन्न सेवा लिनका लागि पनि यस्तो भौचर आवश्यक पर्दछ ।

विदेशमा रहेका बैंक खातामार्फत पनि पैसा पठाउन सकिन्छ । यसका लागि पैसा पठाउने र प्राप्त गर्ने दुवै व्यक्तिको बैंक खाता हुनुपर्छ र बैंकको अन्तर्राष्ट्रिय सञ्जाल हुन पनि जरुरी हुन्छ । पैसा पठाउने व्यक्तिले पैसा प्राप्त गर्ने व्यक्तिको बैंकको नाम, खाता नम्बर र बैंकको एक अन्तर्राष्ट्रिय कोड जसलाई 'स्विफ्ट कोड' भनिन्छ, यी जानकारीहरू बैंकमा उपलब्ध गराएपछि इच्छाइएको व्यक्तिको खातामा रकम पुग्ने छ । यो माध्यमबाट पैसा पठाउन साधारणतया रेमिटचान्सभन्दा महँगो पर्छ ।

पैसा पठाउने क्रममा अनौपचारिक र गैरकानुनी माध्यमहरू पनि भेटिन्छन् । यस्ता संयन्त्रमा आफूले पठाएको पैसाको कुनै ग्यारेन्टी नहुने हुनाले पैसा डुब्ने जोखिम धेरै हुन्छ । त्यसैले हुण्डीलगायत अवैधानिक च्यानल र व्यक्तिगत माध्यमबाट कहिल्यै पनि पैसा पठाउनु हुँदैन । यसरी अवैधानिक च्यानलबाट पैसा पठाउँदा भोलि नेपालमा आएपछि पनि समस्या हुनसक्छ । त्यसैले सधैं नेपाल राष्ट्र बैंकबाट अनुमतिप्राप्त रेमिटचान्स कम्पनी र तिनका आधिकारिक एजेन्टमार्फत वा बैंकिङ च्यानलमार्फत मात्रै पैसा पठाउने गर्नुपर्छ ।

# नेपालको योजना प्रणालीमा संस्थागत दूरदर्शिताको खाडल



❑ कृष्णचन्द्र न्यौपाने

हालै प्रकाशित संयुक्त राष्ट्रसंघीय आर्थिक तथा सामाजिक मामिला विभाग (युएनडिइएसए) को नीति संक्षेप 'दूरदर्शिताका लागि संस्थागत प्रबन्ध', नीति संक्षेप नं. १९१, जुलाई २०२६ मा प्रस्तुत रणनीतिक दूरदर्शितासम्बन्धी एकीकृत खाकालाई आधार बनाई नेपालको दिगो विकास लक्ष्य (एसडिजी) कार्यान्वयनको वर्तमान अवस्थाको तुलनात्मक अध्ययन र विश्लेषण गर्ने प्रयासस्वरूप यो लेखनी बनेको छ ।

यस लेखले विश्वव्यापी २३४ एसडिजी सूचकांकमा नेपालले स्थानीयकरण गर्ने प्रयोजनका लागि थप गरेकासमेत ३०१ सूचकहरू हासिल गर्ने प्रबन्धको अवस्था लक्ष्यहरू कार्यान्वयन हुने स्थान, आदि विषय र राष्ट्रिय योजना आयोगको दूरदर्शिता र रणनीतिसहितको वार्षिक बजेट विनियोजनलगायतका प्रक्रियाबीचको सम्बन्ध र गैरसरकारी संस्था तथा सामुदायमा आधारित संस्थासँगको सहकार्यको प्रबन्ध तथा प्रवृत्तिलाई उपलब्ध सूचना तथा तथ्यांकको आधारमा लेखाजोखा र सिंहावलोकन गरिएको छ । नेपालले सन् २०२४ मा बुझाएको भिएनआर रिपोर्ट र अन्य राष्ट्रहरूको तुलनामा नेपालको प्रगति उत्साहप्रद रहेको उल्लेख छ । १०० वटा सूचकमा केन्द्रित भएर बनेको प्रतिवेदनले उपलब्धि करिब ४९५ प्रतिशत रहेको थियो । नेपालको एसडिजी प्रगति सुधारोन्मुख देखिएता पनि आफैंले निर्धारित गरेका ३०१ सूचकहरूभन्दा यो उपलब्धि धेरै टाढा छ ।

निष्कर्षमा, यस लेखले तर्क गर्दछ कि योजना निर्माण प्रक्रिया तथा संस्थागत संलग्नता र नागरिक समाजका संस्थाहरूसँगको साँघुरिँदो सम्बन्धले सन् २०३० को लक्ष्य हासिल गर्ने बाटोमा संरचनात्मक जोखिम खडा गरेको छ । सामाजिक संस्था राजनितिक कब्जामा, समाज कल्याण परिषद्को कार्यशैली विकासमा सहजीकरणभन्दा नियमनका नाममा नियन्त्रण गर्ने हैसियतमा रहेको र वर्तमान सरकारले सुशासन प्रवर्द्धनमा यी निकायको औचित्यमाथि प्रश्न चिह्न लगाएको यो अवस्थालाई हेर्दा तत्काल दूरदर्शिता र कार्यान्वयनका आयामहरूको अध्ययन गर्न आवश्यक देखिन्छ ।

## परिचय

२०औं शताब्दीमा निर्मित शासकीय संरचनाहरू अस्थिरता, अनिश्चितता, जटिलता र अस्पष्टताले आहत भएको वर्तमान विश्व व्यवस्थाले बदलिएको मानवीय आवश्यकता, बढ्दो वातावरणीय असन्तुलनलाई सम्बोधन गर्न नसक्ने देखिएको छ । यसको मूल कारण जलवायु परिवर्तन, डिजिटल रूपान्तरण, विश्वव्यापी स्वास्थ्य संकट र भूराजनीतिक परिवर्तनले अनुकूलनशील र पूर्वानुमानयोग्य शासन पद्धतिको माग गरेको अवस्था छ । संयुक्त राष्ट्रसंघको नीति संक्षेपले औंल्याएअनुसार रणनीतिक दूरदर्शिता यस्तो शासन परिवर्तनको एक महत्त्वपूर्ण उपकरण हो, तर यसको वास्तविक मूल्य तबमात्र प्राप्त हुन्छ जब यो सरकारको मुख्य योजना र निर्णय प्रक्रियाभित्र संस्थागतरूपमा जोडिन्छ । धेरै सरकारमा दूरदर्शिता एकल, कहिलेकाहीँ हुने अभ्यासको रूपमा सीमित रहन्छ, जसले यसको नीतिगत प्रभावकारितालाई कमजोर बनाउँछ ।

सन् २०३० को दिगो विकास लक्ष्य पूरा गर्न पाँच वर्षभन्दा कम समय बाँकी रहेको अवस्थामा, विश्व समग्रमा लक्ष्यबाट धेरै टाढा रहेको प्रतिवेदनहरूले देखाएका छन् । यस्तो सन्दर्भमा नेपालको हालको प्रगति र संस्थागत चुनौतीलाई विश्लेषण गर्नु सान्दर्भिक हुन्छ ।

## विश्वव्यापी र क्षेत्रीय सन्दर्भमा नेपालको स्थान

दिगो विकास प्रतिवेदन २०२५, संयुक्त राष्ट्रसंघ दिगो विकास समाधान सञ्जालअनुसार नेपाल विश्वका १६७ देशमध्ये ८५औं स्थानमा रहेको छ, जुन भारत (९९औं), श्रीलंका (९३औं), बंगलादेश (११४औं) र पाकिस्तान (१४०औं) भन्दा माथि हो । दक्षिण एसियामा नेपाल भुटान (७४औं) र माल्दिभ्स (५३औं) भन्दा पछाडि छ । उल्लेखनीय कुरा, नेपाल विश्वका सबैभन्दा छिटो सुधार गर्ने देशहरूमध्ये पर्दछ । विगत केही वर्षमा नेपालको अंकमा ११ बिन्दुभन्दा बढी सुधार भएको छ, जुन भारत, बंगलादेश वा फिलिपिन्सको सुधारभन्दा उच्च हो ।

तथापि, यो सुधार सापेक्षिकमात्र हो । सोही प्रतिवेदनले स्पष्ट पारेको छ कि विश्वव्यापीरूपमा हाल कुनै पनि १७ वटा एसडिजी लक्ष्य सन् २०३० सम्ममा पूर्णरूपमा हासिल हुने बाटोमा छैनन्, र विश्वभरका जम्मा लक्ष्यहरूमध्ये मात्र १७ प्रतिशत ट्र्याकमा छन् । यसैले, 'अरूको तुलनामा छिटो सुधार भइरहेको' भन्नु र 'आफ्नै २०३० प्रतिबद्धता पूरा हुने बाटोमा हुनु' फरक-फरक कुरा हुन् । नेपालका लागि वास्तविक प्रश्न भनेको श्रेणीमा सुधार होइन, बरु मौलिक प्रतिबद्धता पूरा हुने वा नहुने भन्ने हो ।

## दूरदर्शिता र योजना प्रक्रियाबीचको तालमेल

संयुक्त राष्ट्रसंघीय आर्थिक तथा सामाजिक मामिला विभागको नीति संक्षेपी विवरणले औंल्याएअनुसार अधिकांश सरकारमा दूर दृष्टिकोण प्रमाणीकरण गर्ने दस्तावेज (दीर्घकालीन सोच, अवस्था विश्लेषण, रणनीतिक कार्ययोजना) को अभाव छैन । बरू, कार्यान्वयनका लागि अधिकारीहरू त्यति ध्यान दिँदैनन् । यी विभिन्न समय र स्रोतको प्रयोगबाट तयार भएका दस्तावेजहरूमा सुझाइएका विषयमा नीति विधि तथा कार्यक्रम निर्माण वास्तविक बजेट विनियोजन र निर्णय, मन्त्रालयगत जिम्मेवारी र वार्षिक योजना चक्रसँग जोड्ने संस्थागत संयन्त्रको लापरवाही तथा कतिपय विशिष्टीकृत संरचनाकको अभाव छ ।

नेपालको हकमा यो प्रतिवेदनमा उल्लिखित कुराहरू धेरै हदमा प्रत्यक्षरूपमा मिल्दाजुल्दा छन् । राष्ट्रिय योजना आयोगले अन्तर्राष्ट्रिय विज्ञहरूको सहभागितामा इनभिजनिङ नेपाल-२०३० जस्ता दीर्घकालीन अभ्यास सञ्चालन गरेको छ । १५औं र १६औं आवधिक योजना (२०१९-२०२४ र २०२५-२०२९) स्पष्टरूपमा एसडिजीसँग तालमेल मिलाइएका पनि छन् । नेपालले सन् २०५० सम्मको परिदृश्य समावेश गरेको शून्य कार्बन उत्सर्जन दीर्घकालीन रणनीति पनि तयार पारेको छ । यसले नेपालसँग दूरदर्शिता निर्माण गर्ने क्षमता रहेको प्रमाणित गर्दछ । तथापि दस्तावेज, संरचना र संयन्त्र तथा कार्यकुशलताबीचको खाडल विद्यमान देखिन्छ । हालैको युएन नीति संक्षेपले कार्यान्वयन 'अभ्यास' मा जोड दिएको छ । लक्षित दूरदृष्टि र यो अनुकूलका योजना निर्माण प्रक्रियामा योजनाबाट प्रभावित हुने समुदायको वास्तविक सहभागिताविना सम्भव हुँदैन । यसलाई कार्यान्वयनयोग्य र राजनीतिकरूपमा वैधानिक बनाउने प्रक्रिया पनि यही हुनुपर्छ ।

> "संयुक्त राष्ट्रसंघीय आर्थिक तथा सामाजिक मामिला विभागको नीति संक्षेपी विवरणले औंल्याएअनुसार अधिकांश सरकारमा दूर दृष्टिकोण प्रमाणीकरण गर्ने दस्तावेजको अभाव छैन । बरु, कार्यान्वयनका लागि अधिकारीहरु त्यति ध्यान दिँदैनन् । यी विभिन्न समय र स्रोतको प्रयोगबाट तयार भएका दस्तावेजहरुमा सुझाइएका विषयमा नीति विधि तथा कार्यक्रम निर्माण वास्तविक बजेट विनियोजन र निर्णय, मन्त्रालयगत जिम्मेवारी र वार्षिक योजना चक्रसँग जोड्ने संस्थागत संयन्त्रको लापरवाही तथा कतिपय विशिष्टीकृत संरचनाकको अभाव छ । नेपालको हकमा यो प्रतिवेदनमा उल्लिखित कुराहरु धेरै हदमा प्रत्यक्षरुपमा मिल्दाजुल्दा छन् ।"

## नागरिक समाजसँगको सम्बन्ध: फराकिलो नभइ साँघुरिँदै

नेपालको नागरिक समाज क्षेत्र, गैरसरकारी संस्था (एनजिओ) र समुदाय-आधारित संस्था (सिबिओ) ऐतिहासिकरूपमा राज्य पुग्न नसकेका समुदायसम्म पुग्ने सबैभन्दा प्रभावकारी साझेदार रहँदै आएका छन् । सन् २०१५ को भूकम्पपछि मन्त्रालयभन्दा पहिले गाउँ-गाउँमा नागरिक समाज संस्थाहरू नै राहतका लागि पुगेका थिए । संविधान निर्माण प्रक्रियामा पनि सीमान्तकृत समुदायको आवाज राष्ट्रिय बहसमा ल्याउने काम नागरिक समाजका सञ्जालले नै गरेका थिए ।

तर सन् २०२५ मा तयार गरिएको गैरसरकारी संस्था नियमन विधेयकको मस्यौदाले कडा आलोचना खेपेको छ । यसले संस्थाहरूलाई कठोर वर्गीकरणमा राख्ने, भौगोलिक क्षेत्र वा विषयक्षेत्र विस्तार गर्नसमेत सरकारी स्वीकृति अनिवार्य गर्ने र सामान्य नागरिक क्रियाकलापलाई संवैधानिक अधिकारभन्दा प्रशासनिक स्वीकृतिको विषय बनाइदिने प्रावधान समावेश गरेको आलोचना भएको छ । साथै, समाज कल्याण परिषद्मार्फतको आयोजना स्वीकृति र अनुगमन प्रक्रिया विलम्बित र कठोर रहेको गुनासो गैरसरकारी संस्था महासंघलेसमेत उठाइरहेको छ, जसले भूमिस्तरीय साझेदारीलाई निरुत्साहित गर्दछ ।

यो प्रवृत्ति युएन नीति संक्षेपले सिफारिस गरेको दिशाको ठ्याक्कै विपरीत हो । राष्ट्रिय योजना तय गर्ने निकायले नागरिक समाजलाई प्रमाण र वैधानिकताको स्रोतको रूपमा नभई नियमन गर्नुपर्ने विषयको रूपमा हेर्दा, कागजमा राम्रो देखिने तर कर्णाली र मधेसजस्ता गरिबी र एसडिजी अन्तर सबैभन्दा बढी भएका प्रदेशमा प्रभावहीन हुने योजना बन्ने जोखिम बढ्छ ।

## निष्कर्ष र सिफारिस

नेपालको एसडिजी सूचकांकमा भएको सुधार वास्तविक र स्वीकार्य उपलब्धि हो । तर विश्वव्यापीरूपमा नै लक्ष्यहरू असफल हुँदै गरेको सूचकांकमा तुलनात्मक सुधार भनेको अन्तिम नतिजा होइन । बरू आगामी वर्षहरू विगतका वर्षभन्दा बढी महत्त्वपूर्ण हुने छन् भन्ने संकेतमात्र हो । यस आधारमा वर्तमान सरकारका लागि निम्न तीन प्रस्ताव छन्:

**१) योजनालाई मात्र नीति कार्यक्रममा समावेश गरी बजेटसँग संस्थागतरूपमा जोड्ने:**

१६औं योजनाको एसडिजी तालमेल आफैंमा पर्याप्त छैन । विगतको बजेट निर्माण र विनियोजनमा अबण्डाको अंशबाट खर्च गर्ने । नीतिमा समावेश भएका कुरालाई बजेटले संम्बोधन नगर्ने वार्षिक बजेट छुट्टै राजनीतिक समय तालिकामा आवद्ध गर्ने, आधिकारिकभन्दा छुट्टै व्यक्तिहरूद्वारा दर दायर र विनियोजन गर्ने, संसद्मा आफना क्षेत्र र पार्टीको पक्षका लागि योजना नपढी नै स्वीकृति जनाउने र स्रोत निर्धारण हुने गरेकोले यो रोकिनुपर्छ ।

**२) एनजिओ र सिबिओसँगको सम्वाद औपचारिक र नियमित बनाउने:**

राष्ट्रिय योजना आयोग आफूलाई 'बौद्धिक केन्द्र' भन्ने हो भने यसले स्थानीय सरकार सरोकारवाला संस्थाहरूबाट नियमित र संरचनागत जानकारी प्राप्त गर्नुपर्छ । विषयगत समिति र संसदीय समितिमा पनि नागरिक संस्थाको आधिकारिकतासहितको प्रतिनिधित्व गराउन आवश्यक छ । वार्षिक समीक्षा वा सम्मेलनमा एक सिट दिनुलेमात्र पुग्दैन ।

**३) गैरसरकारी संस्था नियमन विधेयकलाई नियतको कसीको रूपमा हेर्ने:**

सहभागितामूलक, दूरदर्शितामा आधारित योजना चाहन्छु भन्दै नागरिक समाजको स्थान साँघुर्‍याउने कानुन एकैसाथ ल्याउनु विरोधाभासपूर्ण हो । विगत तीन दशकको खुला नागरिक क्षेत्रले नै नेपालको एसडिजी सुधारमा टेवा पुर्‍याएको हो; प्रशासनिक नियन्त्रणका नाममा यो स्थान साँघुर्‍याउँदा हालसम्मको उपलब्धि नै उल्टिने जोखिम रहन्छ ।

अन्ततः नेपालले सन् २०३० सम्मको बाँकी समय कसरी उपयोग गर्छ भन्ने कुरा अर्को दीर्घकालीन सोचपत्र लेख्नुमा भन्दा समस्याको सबैभन्दा नजिक रहेका नागरिकलाई निर्णय प्रक्रियामा समावेश गर्ने प्रबन्ध राज्य संयन्त्रले मिलाएर गर्दा प्रभावकारी ठहर्छ । विगतको योजना आयोगलेझैं काम गर्ने हो भने राजनीतिक इच्छाशक्तिमा भर पर्ने दुश्चक्र दोहोरिन्छ । त्यसलाई निषेध गर्दा नै राज्य संयन्त्रको विश्वसनीयता बढ्ने र उपलब्धि हासिल गर्न सहज हुने छ ।

kneupane47@gmail.com

## पाठक मञ्च

# ग्यासको कृत्रिम अभाव र सरकारको लाचारी

देशका विभिन्न भागमा देखिएको खाना पकाउने एलपी ग्यासको चरम अभाव र यसबाट सर्वसाधारण उपभोक्ताले भोग्नुपरेको सास्तीबारे प्रकाशित समाचारले मेरो ध्यान तानेको छ । देशभर खाना पकाउने ग्यासको हाहाकार मच्चिनु कुनै दैवी प्रकोप वा प्राकृतिक विपत्ति होइन; यो त केवल फितलो व्यवस्थापन, उद्योगी-व्यवसायीको नाफाखोरी नियत र नियमनकारी निकायको चरम गैरजिम्मेवारीपनको उपज हो ।

एकातर्फ उपभोक्ताहरू बिहानैदेखि डिपो र निगमका कार्यालयअगाडि घण्टौं लाइनमा बस्न बाध्य छन्, अर्कातर्फ नेपाल आयल निगम र मन्त्रालयका जिम्मेवार अधिकारीहरू 'आयात पर्याप्त छ, बजारमा अभाव छैन' भन्दै विज्ञप्ति जारी गर्न व्यस्त छन् । यदि सरकारी तथ्यांकअनुसार मासिक ५० हजार मेट्रिकटनभन्दा बढी ग्यास भित्रिरहेको छ र आपूर्ति नियमित छ भने सर्वसाधारणले सिलिण्डर नपाएर टेकुमा धाउनुपर्ने बाध्यता किन आयो ? डिपोमा पुग्दा ग्यास छैन भनेर फर्काइने तर सोही ग्यास कालोबजारी गर्नेहरूका हातमा सहजै पुग्ने अवस्था कसरी सिर्जना भयो ? यी प्रश्नहरूको उत्तर न त मन्त्रालयसँग छ, न त आयल निगमसँग ।

व्यवसायीहरूले आधा सिलिण्डर (७.१ केजी) बाट पुनः पूर्ण सिलिण्डर (१४.२ केजी) मा फर्किंदा आपूर्ति शृंखलामा दबाब परेको र उपभोक्ताले आतंकित भएर अनावश्यक भण्डारण गरेको तर्क दिने गरेका छन् । उपभोक्तालाई दोष दिएर पन्छिन खोज्ने यो तर्क सर्वथा गलत र हास्यास्पद छ ।

विगतका महिनाहरूमा तोकिएको कोटाभन्दा निकै कम ग्यास आयात गरेर बजारमा पहिले नै अभावको वातावरण सिर्जना गर्ने काम स्वयं उद्योगीहरूबाट भएको हो । जब बजारमा आपूर्ति सहज हुँदैन, तब नागरिकमा ग्यास सकिएला कि भन्ने डर पैदा हुनु स्वाभाविक मानिन्छ । यसरी उपभोक्ताको मनोविज्ञानलाई दोष दिनुअघि बजारमा कृत्रिम अभाव सिर्जना गरेर फाइदा उठाउन पल्किएका बिचौलिया र कालोबजारियाहरूलाई कारबाही गर्न नसक्नु राज्यको प्रमुख कमजोरी हो ।

संसदीय समितिमा आयोजना गरिने बैठक, मन्त्री र सचिवहरूका आश्वासन तथा मुख्यसचिवको अध्यक्षतामा बस्ने उच्चस्तरीय छलफलहरू केवल औपचारिक प्रक्रियामामात्र सीमित भएका छन् । प्रमुख जिल्ला अधिकारीहरूले 'अभाव सिर्जना गरे कारबाही गर्छौं' भनेर दिने चेतावनी पनि सस्तो पपुलिज्म र भाषणमामात्र परिणत भएको देखिन्छ । सरकार, स्थानीय प्रशासन र अनुगमन टोलीहरू बजारमा निस्किए पनि अभाव कहाँबाट र कसरी भइरहेछ भन्ने पत्तो लगाउन नसक्नुले अनुगमन प्रक्रिया नै कत्तिको फितलो र देखावटी छ भन्ने छर्लंग पार्छ ।

ग्यास अभावको यो दीर्घकालीन समस्या समाधानका लागि कागजी छलफल र देखावटी विज्ञप्तिभन्दा माथि उठेर ठोस कदम चाल्न अति आवश्यक भइसकेको छ । पहिलो, व्यापारिक तथा औद्योगिक क्षेत्र र घरायसी प्रयोजनका लागि प्रयोग हुने ग्यास सिलिण्डरको रङ वा पहिचान छुट्याउने नीति अविलम्ब कार्यान्वयन गरिनुपर्छ । संसदीय समितिमा छलफल भएअनुसार करिब सात लाख सिलिण्डर व्यापारिक क्षेत्रमा प्रयोग हुने गरेको सन्दर्भमा घरायसी उपभोक्तालाई पहिलो प्राथमिकतामा राखेर वितरण प्रणाली पारदर्शी बनाइनुपर्छ ।

दोस्रो, हरेक ग्यास सिलिण्डरको आवश्यकता निर्धारण (म्यापिङ) गरी तथ्यांकलाई प्रविधिसँग जोडेर वैज्ञानिक ढंगले व्यवस्थापन गरिनुपर्छ । कुन डिपोमा कति ग्यास आयो र कसले खरिद गर्‍यो भन्ने स्पष्ट रेकर्ड राख्ने व्यवस्था मिलाइएमा कालोबजारी र कृत्रिम अभावलाई ठूलो हदसम्म रोक्न सकिन्छ ।

तेस्रो, आयल निगमले काठमाडौंको टेकुस्थित कार्यालयबाट मात्र ग्यास वितरण गरेर आफ्नो दायित्व पूरा भएको ठान्नु हुँदैन । उपत्यकाका हरेक गल्ली र देशका सम्पूर्ण स्थानीय तहका आधिकारिक डिपोहरूबाट सर्वसुलभ र पारदर्शी रूपमा ग्यास पाउने वातावरण मिलाइनुपर्छ । विशेषगरी ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति र दीर्घरोगीहरूलाई घरदैलो वा सहज पहुँचमा ग्यास उपलब्ध गराउने निर्देशनलाई कडाइका साथ पालना गराउनुपर्छ ।

अन्त्यमा, उपभोक्ता अधिकारको संरक्षण गर्नु र नागरिकको भान्सा निरन्तर बलिरहने वातावरण बनाउनु राज्यको आधारभूत दायित्व हो । कृत्रिम अभाव सिर्जना गर्ने, कोटाअनुसार ग्यास आयात नगर्ने र कालोबजारीमा संलग्न जोकोही उद्योगी वा बिक्रेतालाई तत्काल कडा कानुनी कारबाहीको दायरामा ल्याउनुपर्छ । सरकारले आफ्ना गल्ती ढाकछोप गर्न विज्ञप्ति जारी गर्ने परिपाटी छाडेर बजारमा ग्यासको आपूर्तिलाई तत्काल सहज बनाई जनतालाई राहत दिन जोडदार माग गर्दछु ।

- **अर्जुन लामा**
विद्यार्थी, कीर्तिपुर, काठमाडौं



**पुल नबन्दा स्थानीयवासीलाई सास्ती** | धनुषाको ढल्केबर–जनकपुर–जटही छ लेन सडकखण्डअन्तर्गत जनकपुरधामस्थित दूधमती खोलामा निर्माणाधीन पुल लामो समयदेखि अलपत्र अवस्थामा रहेकोले स्थानीयवासीलगायत मोटरसाइकल खोलाबाटै वारपार गर्दै । *तस्बिरः रासस*

# दुर्व्यसन रोक्न विद्यालयमा 'सिसिक्यामरा'बाट निगरानी

**भद्रपुर (झापा)–** सामुदायिक विद्यालयलाई सुरक्षित र दुर्व्यसनमुक्त बनाउने उद्देश्यसहित झापाको बाह्रदशी गाउँपालिकामा सिसिक्यामरा जडान अभियान सुरुआत गरिएको छ । विद्यालयपरिसरमा हुने अवाञ्छित गतिविधि नियन्त्रण गर्दै विद्यार्थीका लागि सुरक्षित वातावरण निर्माण गर्ने लक्ष्यसहित अभियान थालिएको हो ।

अभियानको पहिलो चरणअन्तर्गत मंगलबार बाह्रदशी गाउँपालिका–२ बुट्टाबारीस्थित भगवती आधारभूत विद्यालयमा सिसिक्यामरा जडान गरिएको छ । विद्यालय परिसरमा चारवटा सिसिक्यामरा जडानसँगै सुरु भएको अभियानलाई आगामी दिनमा गाउँपालिकाभित्र रहेका १६ वटै सामुदायिक विद्यालयमा विस्तार गर्ने योजना रहेको छ ।

विद्यालय बिदा भएका समयमा केही बालबालिका तथा युवाहरू विद्यालय परिसरमा जम्मा भएर अवाञ्छित गतिविधि गर्ने, विद्यालयको सम्पत्तिमा क्षति पुऱ्याउने तथा लागुऔषधसँग सम्बन्धित गतिविधि देखिन थालेपछि निगरानीका लागि प्रविधिको प्रयोग गर्न थालिएको विद्यालयले जनाएको छ । 'विद्यालय परिसरमा देखिएका अवाञ्छित गतिविधिको निगरानी, नियन्त्रण र सुरक्षित वातावरण निर्माणका लागि सिसिक्यामरा जडान गरिएको हो,' प्रधानाध्यापक घनश्याम उप्रेतीले भने, 'यसले विद्यालयको सुरक्षा व्यवस्थालाई थप प्रभावकारी बनाउने अपेक्षा गरेका छौं ।'

यो अभियान सरकारी बजेटबाट नभई समुदायको पहलमा सुरु भएको हो । बाह्रदशी–२ निवासी तथा स्थानीय व्यवसायी एवं विद्यालयका पूर्वविद्यार्थी चान मोहम्मदको आर्थिक सहयोगमा पहिलो चरणको काम सम्पन्न भएको हो ।

जिल्ला प्रहरी कार्यालयका प्रमुख तथा प्रहरी उपरीक्षक वसुन्धरा खड्काले विद्यालय सुरक्षा समाजको भविष्यसँग जोडिएको विषय भएको बताए । उनले सिसिक्यामराले विद्यालयमा हुने हिंसा, चोरी, लागुऔषधसँग सम्बन्धित गतिविधिलगायतका जोखिम नियन्त्रणमा सहयोग पुर्याउने भन्दै प्रविधिको प्रयोगलाई 'बिनाबर्दीको प्रहरी'का रूपमा व्याख्या गरे । त्यस्तै, विद्यालय सुरक्षा मजबुत बनाउन समुदाय, विद्यालय र प्रहरीबीचको सहकार्य आवश्यक रहेको उनले उल्लेख गरे । *रासस*

कर्णाली प्रदेशसभा

# समसामयिक विषयमा सरकारको ध्यानाकर्षण




**कर्णाली–** कर्णाली प्रदेशसभाको बैठकमा बोल्ने प्रदेशसभा सदस्यहरूले समसामयिक विषयमा प्रदेश सरकारसहित संघ सरकारको ध्यानाकर्षण गराएका छन् ।

प्रदेशसभाको दोस्रो कार्यकालको आठौं अधिवेशनको २५औं बैठकको विशेष समयमा बोल्दै प्रदेशसभा सदस्य घनश्याम भण्डारीले मानव र वन्यजन्तुबीच बढ्दो द्वन्द्वका क्रममा दैलेख जिल्लाका विभिन्न स्थानमा बँदेल र बाँदरले मकैबालीमा क्षति पुऱ्याएकाले किसानका लागि आवश्यक राहतको व्यवस्था गर्न सरकारको ध्यानाकर्षण गरे ।

त्यस्तै, पञ्चकोशी जोड्ने मुख्य सडकका रूपमा रहेको वैकल्पिक दुईवटा मार्गहरू मध्य तल्लो डुंगेश्वर दुल्लु पिपलकोट सडकखण्डको काम हालसम्म सम्पन्न नभएको र उक्त ठेक्का सम्झौता रद्दका लागि आवश्यक प्रबन्ध मिलाउन कर्णाली सरकारसँग माग गरे ।

कर्णाली प्रदेश अस्पताल सुर्खेतमा ७६ विशेषज्ञ चिकित्सकको दरबन्दी खाली भएकाले पदपूर्ति गर्नुपर्ने उनको भनाइ थियो । प्रदेशसभा सदस्य रनसिंह परियारले लाइन लाग्ने तर ग्यास नपाउने जनताको समस्या समाधानमा सरकारकाले तदारुकता देखाउनुपर्ने धारणा राखे ।

कर्णाली प्रदेशसभाको पहिलो कार्यकालमा ५३ र दोस्रो कार्यकालमा २२ वटा ऐन निर्माण भए पनि ती ऐनको कार्यान्वयनको अवस्थाबारे समीक्षा गर्न जरुरी रहेको उनको भनाइ थियो । प्रदेशसभा सदस्य सन्तोषी शाहीले सरकार गठन हुँदा पनि मन्त्रीमण्डल विस्तार हुन नसक्नु गलत भएको आरोप लगाए । उनले भने, 'दुवै दल मन्त्रालय कसले पाउने भन्नेमा अल्झेका छन् । आफैंबीचमा सहमति कायम गर्न सकेका छैनन् । व्यवस्था परिवर्तनको अर्थ शासनसत्ता पाउनु होइन, जनताका समस्यामा केन्द्रित हुनु हो । पदको राजनीतिभन्दा जनताले कामको राजनीति चाहेका छन् । सत्ता चलाउने इच्छाशक्ति, एकता र जिम्मेवार भएर लाग्नुस् ।'

त्यस्तै, प्रदेशसभा सदस्य बेदराज सिंहले एकीकृत कृषि प्रयोगशाला सुर्खेतका सहायक चौथो पदमा कार्यरत कर्मचारी चन्द्रा सिंहको मृत्यु सामाजिक सञ्जालमार्फत 'ब्ल्याक मेलिङ' गरी व्यापार गर्ने नियतका कारण भएको उल्लेख गर्दै त्यस्तो काममा संलग्न व्यक्तिलाई हदैसम्मको कारबाही गर्न प्रदेश तथा संघ सरकारको ध्यानाकर्षण गरे ।

त्यस्तै, प्रदेशसभा सदस्य पूर्णबहादुर खत्रीले आजको संघीय संरचनामा भइरहेका अभ्यासले यो व्यवस्थाका लागि जीवन उत्सर्ग गर्ने हजारौं सहिदहरूको अपमान भइरहेको धारणा व्यक्त गरे । प्रदेशको स्वायत्त अधिकारका विषयमा केन्द्रीय नेतृत्वले बेलैमा सोच्नुपर्ने सदस्य खत्रीको भनाइ थियो ।

बैठकमा मुख्यमन्त्री मंगलबहादुर शाहीले महालेखापरीक्षकको आठौं वार्षिक प्रतिवेदन, २०८३ कर्णाली प्रदेश नियमावली, २०८१ को नियम २२२ बमोजिम सभासमक्ष पेस गरे । मुख्यमन्त्री शाहीले सभामा पेस गरेको आठौं वार्षिक प्रतिवेदन प्रदेशसभाअन्तर्गत सार्वजनिक लेखा समितिमा छलफलका लागि पठाउन प्रदेशसभा सचिवलाई सभामुख नन्दा गुरुङले निर्देशन दिइन् । *रासस*

# धनकुटा अस्पतालको भौतिक पूर्वाधार निर्माणसँगै स्तरोन्नति गर्न माग

**विराटनगर–** कुनै बेला कोशी प्रदेशकै सुविधासम्पन्न धनकुटा जिल्ला अस्पताल अहिले आफैं थलिएको छ । भौतिक पूर्वाधारसहितका समस्या झेल्नु परेपछि पछिल्लो समय अस्पतालले आमनागरिकका लागि प्रदान गर्ने सेवा प्रवाहसमेत प्रभावित हुँदै आएको छ । निकै पुरानो संरचना भएको अस्पताल भवन अहिले जीर्ण अवस्थामा रहेकाले पनि नागरिकलाई अपेक्षितरूपमा सेवाप्रवाह गर्न नसकेको अस्पताल प्रशासनले जनाएको छ ।

तथापि, बिरामीको चाप रहेता पनि त्यसलाई धान्ने भौतिक पूर्वाधार नहुँदा विभिन्न चुनौतीको सामना गर्नुपरेको अस्पतालका प्रमुख डा. सन्तोष राईले जानकारी दिए । दैनिक ३०० देखि ४०० सयसम्म बिरामीको स्वास्थ्य परीक्षण गर्दै आएको छ त्यस अस्पतालमा हाल विशेषज्ञ चिकित्सक छ जना, मेडिकल अफिसर चार र सेन्ट्रल अफिसर दुई जना र २० जना नर्स कार्यरत छन् ।

अस्पतालले पछिल्लो समयमा मिर्गौलारोगीका लागि डायलाइसिस सेवा पनि सुरु गरेको उनले जानकारी दिए । उक्त अस्पतालमा आउने बिरामीमध्ये झण्डै ७० प्रतिशत स्वास्थ्य बिमा कार्यक्रममा सहभागी बिरामी हुने गरेको अस्पतालले जनाएको छ ।

अस्पतालका प्रमुख डा. राई भन्छन्, 'गुणस्तरीय र छिटो सेवा प्रदान गर्न र विशेषज्ञ जनशक्ति टिकाउन अस्पतालको निर्माणाधीन भवन छिटो सम्पन्न हुनुपर्छ ।'

सरकारले धनकुटा नगरपालिका–५ मा अस्पतालका लागि २८ करोड रूपैयाँ लागतमा चारतले नयाँ भवन निर्माण गरिरहेको छ । उक्त भवनको अहिले ४० प्रतिशतमात्र काम सम्पन्न भएको पूर्वाधार विकास कार्यालय धनकुटाका प्रमुख रमेश खरेलले जानकारी दिए ।

कोशी प्रदेशसभामा त्यस अस्पताललाई शिक्षण अस्पतालका रूपमा स्तरोन्नति गरिनुपर्ने आवाज उठ्दै आएको छ । अस्पतालको स्तरोन्नति भएमा त्यस क्षेत्रको बसाइँसराइ केही हदसम्म रोक्न मद्दत पुग्ने कोशी प्रदेशसभा सदस्य निरन राईले बताए ।

कोशी प्रदेशसभाका पूर्वसांसद लीला श्रेष्ठले सरकारले त्यस क्षेत्रका जनताको माग र आवश्यकतालाई पूरा गर्न अस्पताललाई गुणस्तरीय सेवा प्रदान गर्ने शिक्षण अस्पतालका रूपमा स्तरोन्नति गरिनुपर्ने बताए । *रासस*

# सौराहाको मध्यवर्ती क्षेत्रमा देखियो नयाँ जंगली हात्ती



**चितवन–** चितवन राष्ट्रिय निकुञ्जको सौराहा क्षेत्रमा नयाँ जंगली हात्ती देखिन थालेको छ । झण्डै दुई सातादेखि अन्दाजी १८–१९ वर्षको जंगली हात्ती देखिन सुरु गरेको हो ।

निकुञ्जका सहायक संरक्षण अधिकृत प्रविन पौडेलका अनुसार हात्ती सौराहाको मध्यवर्ती वन क्षेत्रमा रहने गरेको छ । केही दिनअघि हात्ती प्रजनन केन्द्र पुगेको यस हात्तीलाई त्यहाँ आउने अन्य जंगली हात्तीबाट लखेटिएको जनाइएको छ । अहिले सौराहास्थित निकुञ्ज र राष्ट्रिय प्रकृति संरक्षण कोषका हात्ती भएका ठाउँमा आउने गरेको उनले बताए । यस हात्तीले अहिलेसम्म मानव बस्तीमा पसेर दुःख दिएको छैन ।

संरक्षण अधिकृत पौडेलका अनुसार यस्ता हात्ती बथानबाट लखेटिएर एक्लिने गर्दछन् । बथानको नेतृत्व पोथी हात्तीले सम्हाल्ने गर्दछ । अल्लारे उमेरका यस्ता भाले हात्तीले उपद्रो मच्चाएमा बथानका कमाण्डरले लखेट्ने गरेको अध्ययनहरूले देखाएको उनले जानकारी दिए । अहिले धेरै समय यसले सौराहाका मध्यवर्ती क्षेत्रमा विचरण गरेर बिताउने गरेको छ भने कहिलेकाहीँ पोथी हात्तीहरूको खोजीमा सौराहाको हात्तीसारमा पुग्ने गरेको छ ।

अहिले निकुञ्जमा धुर्वे, गोविन्दे, रोनाल्डोजस्ता जंगली हात्ती एक्लिएर बसेका छन् । चितवन राष्ट्रिय निकुञ्जमा पहिले–पहिले रोमियो, नानापाटेकर, मकुनाजस्ता हात्तीहरू रहेका थिए । तीमध्ये मकुनाले आक्रमण गर्न खोजेपछि आत्मरक्षाका लागि गोली चलाउँदा मकुना मरेको थियो । *रासस*


**मोटरसाइकल हराएको सूचना**

मिति २०८३/०४/१७ गते का.जि.का.म.न.पा-६, चावहिल कोठा अगाडि सडकमा पार्किङ गरी राखिएको अवस्थामा खैरो रङ्को TVS125 राइडर मोटरसाइकल रातको अन्दाजी ८:४० बजेको समयमा हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

**सवारी धनीको नाम : युव राज राई**
**बाइक नं.: बा.प्र.-०२-०७९ प ८८२४**
**च्यासिस नं.: MD625AF9251K27041**
**इन्जिन नं. : DF9K51814915**
**ठेगाना : भोजपुर, भोजपुर न.पा-६**
**सम्पर्क नं. ९८४९७०७६१२**

**मोटरसाइकल हराएको सूचना**

मिति २०८३/०४/१५ गते का.जि.ता.न.पा-२, काभ्रेस्थलीमा पार्किङ गरी राखिएको अवस्थामा निलो/कालो रङ्को केटिएम ड्युक २५० सि.सि. मोटरसाइकल रातको अन्दाजी १०:०० बजेको समयमा हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

**सवारी धनीको नाम : सुर्यमान तामाङ्ग**
**बाइक नं.: बा.प्र.-०२-०६६ प ५९१९**
**च्यासिस नं.: MD2JPEXM4TN052674**
**इन्जिन नं. : T96206315**
**ठेगाना : भोजपुर, भोजपुर न.पा-६**
**सम्पर्क नं. ९७०५५१७१६९**

**लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७५/०६/२२ मा दर्ता भएको **प्रा.लि. नं. २००५६७** को **ब्रम्हदेव इन्टरप्राइजेज प्रा. लि.** को मिति २०८३/०३/३२ गतेमा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटरः हरि बाबु थापा, इजाजत पत्र नं. ४१८**
**ठेगाना : कागेश्वरी मनोहरा-०९, फोन नं. ९८४११५३११४**

**लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७३/०५/१९ मा दर्ता भएको **प्रा.लि. नं. १५५१७५** को **उत्कृट शक्तिसाली पशु कृषि फार्म प्रा. लि.** को मिति २०८३/०३/३२ गतेमा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटरः हरि बाबु थापा, इजाजत पत्र नं. ४१८**
**ठेगाना : कागेश्वरी मनोहरा-०९, फोन नं. ९८४११५३११४**

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८३/०४/२१ गते**

यस कम्पनीको मिति २०८३/०४/१२ मा सम्पन्न भएको विशेष साधारण सभाद्वारा यस **ताप्लेजुङ पोर्क एण्ड एग्रो फार्म प्रा.लि.**को नाम परिवर्तन गरी **ताप्लेजुङ फुड्स एण्ड एग्रो प्रा.लि.(दर्ता नम्बर ३१७२४५)** कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०८३/०४/१८ गतेको निर्णय अनुसार स्वीकृति प्रदान गरिएको छ । साथै साविकको नाममा रहेको चल अचल सम्पत्ति तथा तिर्नु पर्ने दायित्व यसै कम्पनीले सकार्ने व्यहोर्ने सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**तेस्रो पटक प्रकाशित मिति : २०८३/०४/२१ गते**

यस कम्पनीको मिति २०८३/०३/३२ मा सम्पन्न भएको विशेष साधारण सभाद्वारा यस **शिवाय इन्फ्राट्रेड प्राइभेट लिमिटेड प्रा.लि.**को नाम परिवर्तन गरी **काबेली सिमेक्स (दर्ता नम्बर ३८४३४४)** कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०८३/०४/१३ गतेको निर्णय अनुसार स्वीकृति प्रदान गरिएको छ । साथै साविकको नाममा रहेको चल अचल सम्पत्ति तथा तिर्नु पर्ने दायित्व यसै कम्पनीले सकार्ने व्यहोर्ने सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**मलेसियामा रोजगार** कम्पनी : ASIA ACTIVE SECURITY SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०१/१९ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०४/२१ | LT. No. 322675 | चलानी नं. ६०२३६८००

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 5 | 0 | 1700 | ६३,१३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन २८ गते (13th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC 1675/080/81
STRIKEFORCE ASIA RECRUITMENT PVT. LTD
Tokha -07, Basundhara, Kathmandu, Nepal
(Anita Nepal) 9709459391, E-mail : strikeforceasiarecruitment@gmail.com

**युएइमा रोजगार** कम्पनी : FAKHIR IQBAL TECHNICAL SERVICES L.L.C

पूर्व स्वीकृति मिति : २०८३/०४/२० | LT. No. 346112 | चलानी नं. ६०२५९३२९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Electrician | 4 | 0 | 1600 | ६६,४२५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | General Plumber | 2 | 0 | 1600 | ६६,४२५ | | | | | | | |
| 3 | Carpenter | 3 | 0 | 1600 | ६६,४२५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन २८ गते (13th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ७०२/०६३/०६४
STUPA OVERSEAS SERVICES PVT. LTD.
New Baneshwor-34, Kathmandu, Nepal. Tel: 01- 4533418,
Jhal Nath Chamlagain (Contact No. 9707570238), E-mail: info@stupaoverseas.com, URL: www.stupaoverseas.com

**युएइमा रोजगार** कम्पनी : ARMAA BUILDING MAINTENANCE

पूर्व स्वीकृति मिति : २०८३/०४/२० | LT. No. 345987 | चलानी नं. ६०२५९३०९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Stone Mason | 4 | 0 | 1500 | ६२,२७३ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2. | Carpenter/Steel Fixer | 8 | 0 | 1500 | ६२,२७३ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन २८ गते (13th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धी व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १८४८/०८२/०८३
Venus Recruitment Services Pvt Ltd
Sinamangal-9, Kathmandu, Nepal
Phone No. +977-1-5927521, E-mail : vrs.nepal@gmail.com, info@venusrecruitment.com.np

**जापानमा रोजगार** कम्पनी : KUMAMOTO HITOZUKURI KYOUDOUKUMIAI

पूर्व स्वीकृति मिति : २०८३/०४/१९ | LT. No. 345761 | चलानी नं. ६०२५९३३१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब YEN | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Agriculture Labour | 2 | 0 | 179658 | १,७३,६७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | | ३ वर्ष |

■ **प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:**
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निम्ति सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

**दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरुः**
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिबद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रुपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः निःशुल्क
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

**नोटः** वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

**नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः**
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन २८ गते (13th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 917/067/068
AAKRITI RECRUITING PVT. LTD
Sinamangal-9, Kathmandu, Nepal, Contact: +977-4110811, 4110826
E-mail : kunchha@arplteam.com, kunchhanepal@gmail.com, Web: www.arplteam.com

# प्रभाव दैनिक

रूपशाला


### 'म मदनकृष्ण'मा भित्रिए अरूण

वरिष्ठ कलाकार मदनकृष्ण श्रेष्ठको जीवनीमा आधारित बायोपिक फिल्म 'म मदनकृष्ण'मा हरिवंश आचार्यको भूमिकामा कलाकार अरूण क्षेत्री देखिने भएका छन् । निर्माण युनिटले अरूण फिल्ममा भित्रिएको जानकारी दियो । मदनकृष्णको कलाकारिताको पार्टनर रियल लाइफमा हरिवंश थिए भने अब पर्दामा उनको पार्टनरको भूमिकामा अरूण देखिनेछन् । 'गौँथली'का मुख्य पात्र हुन् । अरूणले अब 'म मदनकृष्ण'सँगै यही टिमले सिरिजकै रूपमा निमार्ण गर्नै हरिवंश आचार्यको बायोपिक चलचित्रका लागि पनि एकैपटक साइन गरेका हुन् । फिल्मका निर्देशक मिलन चान्स हुन् ।




बिहीबार, २१ साउन २०८३ (Thursday, 06 August 2026)


# मनबिनाको धन-२ का लागि मदनकृष्णले गाए गीत



■ प्रभाव संवाददाता

**काठमाडौं–** टंक बुढाथोकीको निर्देशन रहने फिल्म 'मन बिनाको धन-२' वरिष्ठ कलाकार मदनकृष्ण श्रेष्ठ, यमन श्रेष्ठ, राजाराम पौडेल, रश्मिला तामाङ र निर्मल शर्मा जोडिएका छन् । निर्माण युनिटले मंगलबार सबैसँग औपचारिक सम्झौता गर्दै फिल्ममा भित्र्याएको हो ।

फिल्ममा अभिनयसँगै मदनकृष्ण श्रेष्ठले एउटा गीतमा स्वर पनि दिने भएका छन् । मंगलबार नै उनको स्वरमा फिल्मको एक गीत रेकर्ड भयो । फिल्मका लागि यसअघि सरोज खनाल, गौरी मल्ल, विपिन कार्की, पूजा शर्मा र महेश त्रिपाठी मुख्य भूमिकामा अनुबन्धित भएका थिए ।

टंक बुढाथोकी प्रोडक्सनको ब्यानरमा निर्माण हुन लागेको यस फिल्मको कथा निर्देशक टंक बुढाथोकी स्वयंले तयार पारेका हुन् । पटकथा तथा संवाद शिवम् अधिकारीले लेखेका छन् भने गीत-सङ्गीतको जिम्मेवारी पनि बुढाथोकीकै रहनेछ। फिल्मकी निर्माता विष्णुमाया मैनाली बुढाथोकी हुन् ।

निर्माण टिमका अनुसार फिल्मको छायांकन भदौको पहिलो सातादेखि सुरु हुनेछ । काठमाडौं उपत्यकाका विभिन्न स्थानसँगै मुस्ताङमा पनि फिल्मको छायांकन गरिने छ ।

नरेन्द्र मैनालीको छायांकन, कविराज गहतराज, रामजी लामिछाने र गम्भीर विष्टको कोरियोग्राफी रहने फिल्ममा द्वन्द्व शुक्रराज शाहले गर्नेछन् ।

# 'झिँगेदाउ २' को टिजर सार्वजनिक

■ प्रभाव संवाददाता



**काठमाडौं–** 'झिँगेदाउ २' को टिजर सार्वजनिक भएको छ । ललितपुरको क्यूएफएक्स लबिममा टिजर सार्वजनिक गरिएको हो ।

टिजरमा पारिवारिक सम्बन्धमा आउने उतारचढाव, देउरानी र जेठानीबीचको घर झगडाले स्थान पाएको छ । टिजरको सुरुमै हिउँवाला गौतम मध्यरातमा घर छोडेर हिँडेको देखाइएको छ र पछि परिवारका सदस्यहरू तिनै आमाको खोजीमा लागेको देखिन्छ ।

निर्माण टिमले टिजरमा पहिलो भागकै झल्को दिने कथावस्तु तयार पारेको प्रष्ट हुन्छ । जसमा केही नयाँ 'ट्वीस्ट' पनि छ, जुन आर्यन सिग्देलको लुक्सले कौतुहलता थपेको छ । उनी साङ्लो बेरिएको अवस्थामा देखिएका छन् । जसले कथामा नयाँ मोड प्रस्तुत गर्ने अपेक्षा गर्न सकिन्छ ।

यो सिनेमा 'झिँगेदाउ' को सिक्वेल हो। सिनेमामा आँचल शर्मा र केकी अधिकारी देउरानी जेठानीको भूमिकामा छन् भने महेश त्रिपाठी र कुशल बिष्ट दाजुभाइको भूमिकामा देखिएका छन् । ज्ञानेन्द्र देउजाको निर्देशनमा बनेको सिनेमा आगामी असोज २ गतेदेखि देशभर प्रदर्शन हुँदैछ ।

सिनेमामा केकी अधिकारी, आँचल शर्मा, महेश त्रिपाठी, कुशल बिष्ट, सरोज खनाल, संगम भण्डारी, विजय देउजा, अंशु महर्जन, अभय राज बराल, उत्तम केसी, शिवहरि वैरागी, आशा भुषाल, रेन प्रधान, विनोद कुमार पौडेल, आशिष पुरुष, विष्णु सापकोटा र नरेन्द्र थापाले अभिनय गरेका छन् । परिच्छेद सेनको पटकथा तथा संवाद रहेको सिनेमाको कथा गोविन्द फुयाल र शिशिर चालिसेले लेखेका हुन् । सिनेमामा सुलभ प्रतिक देउजा र समिक्षा देउजाको लगानी गरेका छन् ।

कपनगढी सिनेमा र फिल्म क्रिउ नेपालको प्रस्तुतिमा निर्माण भएको सिनेमामा विष्णु घिमिरे 'कल्पित'को डीओपी, मित्र डी गुरुङको सम्पादन, अर्जुन पोखरेलको संगीत, रामजी लामिछानेको कोरियोग्राफी, रोशन श्रेष्ठको एक्सन निर्देशन रहेको छ । फिल्मका प्रोडक्सन म्यानेजमेन्ट ईश्वर घिमिरेको छ । सिनेमा एप्पल इन्टरटेन्मेन्टले नेपालभर वितरण गर्दैछ ।

टिजर रिलिज कार्यक्रममा उपस्थिती अधिकांश फिल्मीकर्मीले मुक्तकण्ठले प्रशंसा गरेका थिए । पूर्ण रूपमा पारिवारिक कथावस्तुमा टिजर तयार भएको भन्दै यसले दर्शकको मन जित्ने विश्वास गरिएको छ । यसअघि फिल्म 'झिंगे दाउ'ले बक्स अफिसमा सुपरहिटको व्यापार गरेको थियो । यसको सिक्वेलको रूपमा तयार भएको 'झिंगे दाउ २'को टिजरले पनि दर्शकको मन जित्ने आशा गर्न सकिन्छ ।



# विश्वकप ग्लोबल क्वालिफायर फेब्रुअरी २२ देखि मार्च २३ सम्म

■ प्रभाव संवाददाता

**काठमाडौं–** आइसिसी २०२७ एकदिवसीय विश्वकप छनोट- 'ग्लोबल क्वालिफायर्स'को मिति सार्वजनिक भएको छ ।

बुधबार अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आइसिसी)ले १० टोलीको सहभागिता रहने प्रतियोगिताको मिति तय गरेको हो । प्रतियोगिता अर्को वर्षको फेब्रुअरी २२ देखि मार्च २३ सम्म हुनेछ । प्रतियोगिताको भेन्यू भने सार्वजनिक हुन बाँकी छ ।

आइसिसी वरीयतामा ११औं र १२औं स्थानमा रहेका आयरल्यान्ड र वेस्ट इन्डिजले विश्वकप छनोटमा अन्य ८ टोलीसँग प्रतिस्पर्धा गर्नेछन् । आठमध्ये चार टोली आइसिसी विश्वकप लिग २ का शीर्ष चार टोली हुनेछन् । त्यस्तै अन्य चार टोली विश्वकप क्वालिफायर प्लेअफबाट आउनेछन् ।

छनोट जित्ने टोलीले सोझै विश्वकप २०२७ को दोस्रो चरणमा प्रवेश पाउनेछ ।




त्यस्तै छनोटमा दोस्रो, तेस्रो र चौथो स्थान हासिल गर्ने टोलीले पहिलो चरण अर्थात् सुपर सिरिज खेल्नुपर्ने हुन्छ । सुपर सिरिज विजेता टोली दोस्रो चरण पुग्नेछ । त्यसपछि कूल १२ टोली दुई समूहमा विभाजन हुनेछन् ।

प्रत्येक समूहका शीर्ष तीन टोली सोझै सुपर सेभेनमा पुग्नेछन् । बाँकी एक टोली उत्कृष्ट चौथो टोली हुनेछ । सुपर सेभनबाट शीर्ष चार टोलीले सेमिफाइनलमा स्थान बनाउनेछन् ।

विश्वकप २०२७ दक्षिण अफ्रिका, जिम्बाब्वे र नामिबियामा अक्टोबर ४ देखि नोभेम्बर २१ सम्म हुनेछ । कूल १२ भेन्यूमा प्रतियोगिता सञ्चालन हुनेछ ।

नेपालले लिग २ अन्तर्गत भर्खरै नेदरल्यान्ड्स टूर सकाएको छ । नेपालले नेदरल्यान्ड्समा चारैवटा खेल हार्यो । दयीनय टूरपछि नेपालको सोझै ग्लोबल क्वालिफायरमा पुग्ने सम्भावना लगभग सकिएको छ । चार खेल बाँकी रहेको अवस्थामा नेपाल अहिले २४ अंकसहित छैटौं स्थानमा छ । तीन खेल कम खेलेको ओमान ३१ अंकसहित चौथो स्थानमा छ । यसको मतलब नेपालको गणीतिय सम्भावनामा केवल एक अंकको फरक छ ।

# नेपालले विश्वकप छनोटका लागि प्लेअफदेखि नै खेल्नुपर्ने

**काठमाडौं (प्रस)–** नेपालले आगामी वर्ष आयोजना हुने आईसीसी एकदिवसीय विश्वकप खेल्न छनोट प्लेअफ चरणदेखि नै खेल्नुपर्ने भएको छ । ग्लोबल छनोट आगामी वर्ष फेब्रुअरी २२ देखि मार्च २३ सम्म हुने भएको छ ।

क्रिकइन्फोका अनुसार अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आइसीसी) ले प्रतियोगिताको मिति तय गरिसकेको भए पनि आयोजना हुने स्थान भने अझै सार्वजनिक गरेको छैन । आईसीसीले जुलाईमा सार्वजनिक गरेको नयाँ विश्वकप ढाँचाअनुसार छनोट प्रतियोगिताको विजेता टोलीले सिधै मुख्य समूह चरणमा स्थान बनाउनेछ । दोस्रो, तेस्रो र चौथो स्थानमा रहने टोलीले भने विश्वकपको प्रारम्भिक चरण 'सुपर सिरिज' मा प्रतिस्पर्धा गर्नेछन् । त्यसपछि सुपर सिरिजको विजेता टोलीले १२ राष्ट्र सहभागी हुने मुख्य विश्वकपमा स्थान सुरक्षित गर्नेछ ।

सन् २०२७ को आईसीसी एकदिवसीय विश्वकप दक्षिण अफ्रिका, जिम्बाब्वे र नामिबियाका १२ वटा सहरमा अक्टोबर ४ देखि नोभेम्बर ११ सम्म आयोजना हुनेछ ।

विश्वकप छनोट प्रतियोगितामा कुल १० टोली सहभागी हुनेछन् । सेप्टेम्बर ३०, २०२६ सम्मको एकदिवसीय वरीयताका आधारमा आयोजक दक्षिण अफ्रिका र जिम्बाब्वेबाहेक पूर्ण सदस्य राष्ट्रहरूमध्ये सबैभन्दा तल्लो वरीयतामा रहेका दुई टोली, लिग-२ का शीर्ष चार टोली तथा विश्वकप छनोट प्लेअफबाट छनोट हुने चार टोलीले प्रतियोगितामा स्थान बनाउनेछन् ।

विश्वकप छनोट प्लेअफमा लिग-२ का पुछारका चार टोली र च्यालेन्ज लिगका चार टोलीबीच प्रतिस्पर्धा हुनेछ । हाल लिग २ को तालिकामा नेपाल हाल छैटौं स्थानमा छ । ३२ खेलबाट नेपालले ११ जित, १९ हार र २ खेल नतिजाविहीन रहँदा नेपालले २४ अंक जोडेको छ । नेपालले बाँकीको एक शृंखलाबाट सबै चार खेलमा जित निकाले पनि शीर्ष चारमा अटाउन मुस्किल हुनेछ ।

च्यालेन्ज लिगलाई विश्व क्रिकेटको तेस्रो स्तरको प्रतियोगिता मानिन्छ । प्लेअफको ढाँचा अझै तय नभए पनि आठ टोलीबीच हुने यस प्रतियोगिताबाट उत्कृष्ट चार टोलीले विश्वकप छनोटमा स्थान बनाउनेछन् ।

च्यालेन्ज लिगमा १२ टोली सहभागी हुनेछन्, जसलाई ६-६ टोलीका दुई समूहमा विभाजन गरिनेछ । प्रत्येक टोलीले प्रतियोगिताको चक्रभरि तीनवटा राउन्ड-रोबिन प्रतियोगिता खेल्नेछ । दुवै समूहका शीर्ष दुई टोलीले विश्वकप छनोट प्लेअफमा स्थान बनाउनेछन् ।

यसबीच वेस्ट इन्डिज अहिले एकदिवसीय वरीयताको १०औं स्थानमा रहेको छ । उसले सेप्टेम्बरमा भारतविरुद्ध दुई एकदिवसीय खेल मात्र खेल्न बाँकी छ । ती खेलको नतिजासँगै अफगानिस्तान (आठौं स्थान) र आयरल्यान्ड (१२औं स्थान) बीच हुने आगामी शृंखलाको परिणामले पनि वेस्ट इन्डिजको वरीयतामा प्रभाव पार्नेछ ।

यदि आयरल्यान्डले अफगानिस्तानलाई ४-१ वा ५-० ले हराउँदै शृंखला जित्यो भने भारतविरुद्ध दुई खेल जितेपछि वेस्ट इन्डिज शीर्ष आठभित्र पुग्न सक्छ । तर अफगानिस्तानले शृंखला जितेमा वेस्ट इन्डिजले सन् २०२७ विश्वकपमा स्थान बनाउन छनोट प्रतियोगिता खेल्नुपर्ने सम्भावना लगभग निश्चित हुनेछ ।

यसअघि पनि वेस्ट इन्डिज सन् २०२३ को एकदिवसीय विश्वकपका लागि सिधै छनोट हुन असफल भएको थियो । त्यसपछि हरारेमा भएको छनोट प्रतियोगितामा नेदरल्यान्ड्ससँग सुपर ओभरमा पराजित भएपछि पहिलो पटक वेस्ट इन्डिज विश्वकपबाट बाहिरिएको थियो ।

**२० औं एसियन गेम्स**

# नेपालबाट २२ खेलका लागि १३६ खेलाडीले प्रतिस्पर्धा गर्ने

■ प्रभाव संवाददाता

20th Asian Games
Aichi-Nagoya 2026

**काठमाडौं–** जापानमा आगामी सेप्टेम्बर १९ देखि अक्टोबर ४ सम्म आयोजना हुने २०औं एसियन गेम्स (एसियाली खेलकुद) मा नेपालबाट १३६ खेलाडीले प्रतिस्पर्धा गर्ने भएका छन् ।

राष्ट्रिय खेलकुद परिषद् (राखेप) २०औं एसियन गेम्सका लागि २२ खेलमा सहभागि हुने खेलाडी संख्या टुंगो लगाएको हो ।

एसियन गेम्स २०२६ मा १३६ खेलाडी सहभागि हुने राष्ट्रिय खेलकुद परिषद्अन्तर्गत खेलकुद विकास विभागका प्रमुख सरोजकुमार पोखरेलले जानकारी दिएका छन् । यस्तै २२ खेलमा कूल ३२ प्रशिक्षक समावेश हुनेछन् । खेलाडी र प्रशिक्षक गरी कूल १६८ जना नेपालबाट जापान जानेछन् ।

छनोट चरण पार गरेर एसियन गेम्समा छनोट भएको इ-स्पोर्ट्स भने अन्तिम समयमा एसियन गेम्समा अटाउन सकेन । यसअघि राखेप सदस्य सचिवले नै २० औं एसियन गेम्समा २३ खेलमा करिब १४० खेलाडी सहभागि हुने बताएका थिए । तर इ-स्पोर्ट्स भने समावेश भएन ।

२०औं एसियन गेम्समा नेपालबाट पछिल्लो पटक पदक जितेको कराते र कब•ीसँगै आर्चरी, एथलेटिक्स, ब्याडमिन्टन, बक्सिङ, साइकलिङ, गल्फ, जुडो, स्क्वास, स्वीमिङ, टेबल टेनिस, टेनिस, कुस्ती, भलिबल, क्यानोइ स्लालोम, डान्स एन्ड स्पोर्ट्स, स्केटबोर्ड, तेक्वान्दो, उसु छन् ।

टिम खेल अन्तर्गत कब•ी, भलिबल र क्रिकेट मात्र समावेश छ भने १९ व्यक्तिगत खेल छन् । जसमा कब•ीको पुरुष र महिला दुबै टिममा गरेर सर्वाधिक २४ जना खेलाडी छन् । त्यस्तै पुरुष क्रिकेटमा १५ र महिला भलिबलमा १२ जना खेलाडी छन् । आर्चरी, एथलेटिक्स, ब्याडमिन्टन, बक्सिङ, साइकलिङ, गल्फ, जुडो, कब•ी, कराते, सफ्ट टेनिस, स्क्वास, स्वीमिङ, टेबल टेनिस, टेनिस, कुस्ती, उसुतर्फ नेपालबाट पुरुष र महिला दुबै खेलाडी सहभागि हुनेछन् ।

यसैगरी भलिबलमा नेपालको महिला टिमले मात्र सहभागिता जनाउनेछ भने क्यानोइ स्लालोम, क्रिकेट, डान्स एन्ड स्पोर्ट्स, स्केटबोर्ड र तेक्वान्दोमा पुरुष खेलाडीले मात्र सहभागिता जनाउनेछन् । व्यक्तिगत खेल तर्फ उसुबाट सबैभन्दा ११ खेलाडी सहभागि हुनेछन् भने डान्स स्पोर्टमा सबैभन्दा कम १ खेलाडी मात्र छन् । यस्तै साइकलिङ, आर्चरी र स्क्वासमा एक पुरुष र एक महिला गरी दुई-दुई खेलाडी समावेश छन् भने क्यानोई, स्केडबोर्ड र तेक्वान्दोमा पुरुषतर्फ दुई खेलाडी मात्र सहभागि छन् ।

पछिल्लो पटक सन् २०२३ मा चीनको हान्झाउमा भएको १९औं एसियन गेम्समा नेपालबाट २९ खेलमा २५३ खेलाडीले सहभागिता जनाएका थिए । जसमा करातेकी एरिका गुरुङले ऐतिहासिक रजत पदक जितेकी थिइन् भने महिला कब•ीले कांस्य पदक जितेको थियो । यस पटक आइची नागोयामा नेपालले स्वर्ण पदकसहित दोहोरो अंकमा पदक जित्ने महत्वाकांक्षी लक्ष्य राखेको छ ।

नेपालले एसियन गेम्समा अहिलेसम्म स्वर्ण पदक जित्न सकेको छैन । पहिलो एसियन गेम्स देखि नै सहभागिता जनाउँदै आएपनि नेपालले अहिलेसम्म ३ रजत र २३ कांस्य पदक मात्र जितेको छ ।

# काठमाडौं उपत्यका खानेपानीलाई डिएभी कप

**ललितपुर (प्रस)–** डी.ए.भी बिजनेस स्कुल र ह्युमन रिसोर्स सोसाइटीको संयुक्त आयोजनामा डी.ए.भी कर्पोरेट फुटसल प्रतियोगिताको तेस्रो संस्करण सफलतापूर्वक सम्पन्न भएको छ । साउन १५ देखि १७ गतेसम्म ललिपुरस्थित डी.ए.भी कलेजको फुटसल मैदानमा आयोजित प्रतियोगितामा विभिन्न क्षेत्रका ३२ कर्पोरेट टोलीले सहभागिता जनाएका थिए । अन्त्यमा काठमाडौं उपत्यका खानेपानी लिमिटेड च्याम्पियन बन्यो ।

फाइनलमा काठमाडौं उपत्यका खानेपानी लिमिटेडले नेपाल नागरिक उ•यन प्राधिकरणलाई टाइब्रेकरमा २-० ले पराजित गर्दै उपाधि जितेको हो । च्याम्पियन टोलीले ट्रफी र मेडलसहित नगद एक लाख रूपैयाँ प्राप्त गर्यो । उपविजेताले ट्रफी र मेडलसहित ५५ हजार रूपैयाँमा चित्त बुझायो ।



क्यालिफोर्नियाको क्यालाभेरस काउन्टीको एञ्जल्स क्याम्प नजिकै आगो निभाउने क्रममा क्याल फायर टुओलुम्ने क्यालाभेरस युनिटका अग्निनियन्त्रक एभरी स्टार्क मंगलबार डोजर लाइन नजिकै पानी हाल्दै । *तस्बिर: एपी*

# डेन्यूबमा युद्धपोत फेरि देखिए



**प्रहोवो (सर्बिया)–** युरोपको दोस्रो लामो डेन्यूब नदीमा खडेरीका कारण पानीको सतह ऐतिहासिक रूपमा घटेपछि दोस्रो विश्वयुद्धका बेला डुबाइएका दर्जनौं जर्मन युद्धपोत फेरि देखिन थालेका छन् । पानीको सतह घट्दै जाँदा नदीमा नौवहन प्रभावित भएको छ भने ऊर्जा उत्पादनदेखि नदी यातायातसम्ममा असर परेको छ ।

सर्बियाको प्रहोवो बन्दरगाह नजिक, सर्बिया र रोमानियाको सीमावर्ती क्षेत्रमा डुबाइएका युद्धपोतका खिया लागेका संरचना नदीमाथि देखिन थालेका छन् । केही जहाजमा नाजी झण्डा फहराइएका भाँचिएका खम्बासमेत अझै देख्न सकिन्छ । तीमध्ये केही युद्धपोतमा अहिले पनि विष्फोटक तथा हतियार रहेको विश्वास गरिएको छ ।

इतिहासकारहरूका अनुसार सन् १९४४ को सेप्टेम्बरमा सोभियत सेनाको अग्रगमन रोक्ने उद्देश्यले नाजी जर्मनीले डेन्यूबको प्रहोवो क्षेत्रनजिक करिब २०० युद्धपोत जानाजानी डुबाएको थियो । यद्यपि केही महिनापछि सन् १९४५ को मेमा नाजी जर्मनीले आत्मसमर्पण गरेको थियो ।

यी पुराना युद्धपोत हटाउने प्रयास विगतदेखि हुँदै आए पनि अधिकांश जहाजमा अझै विष्फोटक सामग्री रहेकाले काम जटिल बनेको छ । कम्युनिस्ट शासनकालमा तत्कालीन युगोस्लाभियाले केही युद्धपोत हटाएको भए पनि धेरै नदीमै बाँकी छन् । अहिले युरोपेली संघ (इयू) को आर्थिक सहयोगमा सर्बियाले नदीलाई सुरक्षित र सहज बनाउने प्रयास अघि बढाइरहेको छ ।

डेन्यूब नदी १० वटा युरोपेली मुलुकहुँदै बग्ने प्रमुख जलमार्ग हो । तर यस वर्षको अत्यधिक गर्मी र खडेरीका कारण पानीको सतह उल्लेखनीयरूपमा घटेपछि नदी यातायातमा कठिनाइ उत्पन्न भएको छ । पानीको कमीले केही विद्युत् उत्पादन केन्द्र सञ्चालनमासमेत असर परेको छ भने मध्य तथा पूर्वी युरोपका केही सरकारले ऊर्जा बचतका उपाय अपनाएका छन् ।

विज्ञहरूले असामान्य गर्मी र खडेरीलाई जलवायु परिवर्तनसहित अन्य वातावरणीय कारणसँग जोड्दै आएका छन् । प्रहोवोका स्थानीय बासिन्दा क्रिस्टा ब्रान्डिकले पानीको सतह अत्यधिक घटेका कारण ठूला जहाजको आवागमन लगभग ठप्प भएको बताउँदै अहिले नदी पार गर्नसमेत कठिनाइ भएको जानकारी दिए । *रासस/एपी*

# निर्वासनबाटै सक्रिय हसिना



**ढाका–** बंगलादेशकी पूर्वप्रधानमन्त्री शेख हसिनाले स्वदेश फर्कने आफ्नो प्रतिबद्धता दोहोऱ्याउँदै निर्वासनमा रहे पनि देशको राजनीतिमा आफू सक्रिय रहने संकेत दिएकी छन् । विश्लेषकहरूले उनको पछिल्लो अभिव्यक्तिलाई अवामी लिगका समर्थकलाई एकजुट राख्ने, दलको राजनीतिक प्रभाव कायम गर्ने र राष्ट्रिय राजनीतिमा आफ्नो सान्दर्भिकता जोगाइराख्ने प्रयासका रूपमा व्याख्या गरेका छन् ।

भारतमा निर्वासनमा रहेकी ७८ वर्षीया हसिनाले जुलाईमा एएफपीसँगको कुराकानीमा वर्षको अन्त्यसम्म बंगलादेश फर्कने इच्छा व्यक्त गरेकी थिइन् । उनले आफू पक्राउ पर्न, जेल जान वा ज्यानसमेत गुम्न सक्ने सम्भावनाबारे जानकार रहे पनि जनताको आग्रहका कारण स्वदेश फर्कन चाहेको बताएकी थिइन् ।

हेलिकप्टरमार्फत भारत गएको दुई वर्ष पूरा भएको अवसरमा बुधबार उनले 'शेख हसिनाको घर फर्कने' शीर्षकको नयाँदिल्लीस्थित कार्यक्रममा टेलिफोनमार्फत सम्बोधन गर्ने कार्यक्रम तय गरिएको छ ।

ढाकास्थित नर्थ साउथ विश्वविद्यालयका राजनीति विज्ञानका प्राध्यापक मोहम्मद जलाल उद्दीन सिकदरका अनुसार हसिना अझै पनि अवामी लिगका लागि प्रभावशाली राजनीतिक प्रतीक हुन् र उनको सम्भावित पुनरागमन दलको अस्तित्वसँग जोडिएको विषय बनेको छ ।

अवामी लिगका एक वरिष्ठ नेताले पनि पार्टीका धेरै नेता-कार्यकर्ता पक्राउ परेकाले हसिनाले आफू फर्कने चाहना व्यक्त गर्नु उनीहरूप्रतिको जिम्मेवारीबोधको अभिव्यक्ति भएको बताए । उनका अनुसार यसले दलभित्रको मनोबल कायम राख्न मद्दत पुऱ्याउन सक्छ ।

ढाकाबाट प्रकाशित 'प्रथम आलो' दैनिकले हसिनाको स्वदेश फर्कने घोषणा पार्टीमाथिको प्रतिबन्ध हटाउन दबाब सिर्जना गर्ने, कार्यकर्तालाई उत्साहित बनाउने र राजनीतिक स्थान पुन: स्थापित गर्ने रणनीतिको अंश हुन सक्ने विश्लेषण गरेको छ ।

यद्यपि अवामी लिगका पूर्ववरिष्ठ नेता तथा हालका आलोचक महमुदुर रहमान मन्नाले उक्त धारणा अस्वीकार गर्दै पार्टीलाई पुनर्गठन गर्न अन्य नेताहरूलाई अवसर दिन सकिने अवस्था भए पनि हसिनाले त्यसो नगरेको टिप्पणी गरेका छन् ।

विश्लेषक सिकदरका अनुसार हसिनाको सम्भावित पुनरागमनले प्रधानमन्त्री तारिक रहमान नेतृत्वको वर्तमान सरकारलाई थप राजनीतिक दबाबमा पार्न सक्छ । उनले हसिना स्वदेश फर्किए तत्काल कानुनी प्रक्रियामा पर्ने सम्भावना रहे पनि त्यसले राजनीतिक अस्थिरता निम्त्याउन सक्ने आकलन गरे ।

यसबीच प्रधानमन्त्रीका सल्लाहकार झाहेद उर रहमानले सरकारले हसिनालाई स्वदेश फर्कन स्वागत गर्ने बताउँदै उनी फर्किए कानुनअनुसार न्यायिक प्रक्रिया अघि बढाइने स्पष्ट पारे । उनका अनुसार बंगलादेशले भारतसँग हसिनाको सुपुर्दगीका लागि औपचारिक अनुरोध गरिसकेको छ ।

हसिना ढाकास्थित अदालतमा उपस्थित नभएपछि उनीविरुद्ध उक्साहट, हत्या गराउन आदेश दिएको तथा अत्याचार रोक्न असफल भएको अभियोगमा फैसला सुनाइएको थियो । हसिनाको सम्भावित पुनरागमनको विषय बंगलादेश र भारतबीच सुधारोन्मुख सम्बन्धकाबीच पनि संवेदनशील मुद्दाका रूपमा हेरिएको छ । ढाकाले उनको सुपुर्दगीका लागि पटक-पटक आग्रह गर्दै आएको छ भने भारतले कानुनी प्रक्रियाअनुसार विषयको अध्ययन भइरहेको जनाएको छ ।

भारतीय विदेश मन्त्रालयका प्रवक्ता रणधीर जयस्वालले 'शेख हसिनाको घर फर्कने' कार्यक्रमसँग भारत सरकारको कुनै संलग्नता नरहेको र कार्यक्रममा व्यक्त गरिने विचारलाई सरकारले समर्थन नगर्ने स्पष्ट पारेका छन् ।

यद्यपि, बंगलादेशका केही विश्लेषकले हसिनाको मुद्दा दुई देशबीचको कूटनीतिक सम्बन्धमा प्रभाव पार्ने विषयका रूपमा प्रयोग हुन सक्ने टिप्पणी गरेका छन् । ढाकास्थित 'अमर देश' दैनिकका सम्पादक महमुदुर रहमानले यसलाई नयाँदिल्ली र ढाकाबीचको शक्ति सन्तुलनसँग जोडिएको राजनीतिक विषयका रूपमा हेरेका छन् । *रासस/एएफपी*

# अफगानिस्तानमा कुपोषण संकट गहिरियो



**रोम–** अफगानिस्तानमा खाद्यान्न सहायता र पोषण कार्यक्रमका लागि आवश्यक अन्तर्राष्ट्रिय कोष घट्दै गएपछि बाल कुपोषण गम्भीर बन्दै गएको तथा त्यसका कारण बालमृत्युदर थप बढ्न सक्ने जोखिम रहेको संयुक्त राष्ट्रसंघको विश्व खाद्य कार्यक्रम (डब्लुएफपी)ले जनाएको छ । संस्थाले तत्काल अतिरिक्त आर्थिक सहयोग जुटाउन नसके कुपोषण संकट अझ भयावह बन्ने चेतावनी दिएको छ ।

डब्लुएफपीका अनुसार अफगानिस्तानका ३४ मध्ये १२ प्रान्तमा बाल कुपोषण गम्भीर तहमा पुगेको छ र यो अहिलेसम्मकै उच्च अवस्था हो । द्वन्द्व, बेरोजगारी, खाद्यान्नको बढ्दो मूल्य, रोगको प्रकोप, स्वच्छ पानी तथा सरसफाइको अभाव र मानवीय सहायता घट्नु यसका प्रमुख कारण रहेको संस्थाले जनाएको छ । अफगानिस्तानका लागि डब्लुएफपीका देशीय निर्देशक जोन एलिफले बालमृत्युदर थप बढ्न नदिन तत्काल कदम चाल्नुपर्ने आवश्यकता औंल्याउँदै धेरै बालबालिकाका लागि भने सहयोग ढिलो भइसकेको बताए ।

सन् २०२१ मा तालिबान सत्तामा फर्किएपछि उत्पन्न राजनीतिक तथा आर्थिक चुनौतीसँग जुधिरहेको अफगानिस्तानमा अहिले मानवीय संकट थप जटिल बन्दै गएको छ । संयुक्त राष्ट्रसंघीय मानवीय मामिला समन्वय कार्यालय (ओचा) की प्रवक्ता ओल्गा चेरेभ्कोका अनुसार यस वर्ष देशका तीन चौथाइभन्दा बढी क्षेत्रमा बालबालिकामा तीव्र कुपोषण देखिएको छ । 'वेस्टिङ' भनिने यस अवस्थाका बालबालिका आफ्नो उचाइअनुसार अत्यन्त कम तौलका हुन्छन् र उनीहरूलाई तत्काल उपचारात्मक पोषण आवश्यक पर्छ ।

उनका अनुसार धेरै बालबालिका स्वास्थ्य संस्थामा पुग्दासम्म गम्भीर कुपोषणको अवस्थामा पुगिसकेका हुन्छन् भने कतिपय उपचार नपाई मृत्यु हुने अवस्था पनि देखिएको छ । डब्लुएफपीले सन् २०२५ मा सहायता बजेट कटौतीका कारण १४२ स्वास्थ्य केन्द्र बन्द भएको र १३ हजारभन्दा बढी बालबालिका पोषण उपचार सेवाबाट वञ्चित भएको जनाएको छ । संस्थाले कुनै विशेष दाताको नाम उल्लेख नगरे पनि हालका वर्षहरूमा अन्तर्राष्ट्रिय सहायता उल्लेखनीयरूपमा घटेको जनाएको छ ।

यस वर्ष करिब ३७ लाख अफगान बालबालिका तथा १२ लाख गर्भवती र स्तनपान गराइरहेका महिला तीव्र कुपोषणबाट प्रभावित हुने अनुमान गरिएको छ । डब्लुएफपीका अनुसार मध्यपूर्वमा जारी द्वन्द्वका कारण आपूर्ति शृंखलामा अवरोध उत्पन्न भएको छ । छिमेकी मुलुकबीचको तनावका कारण पाकिस्तानसँगको सीमा करिब नौ महिना बन्द हुँदा पोषण सामग्री ढुवानी प्रभावित भएको र झण्डै १० लाख कुपोषित महिला तथा बालबालिका पाँच महिनासम्म आवश्यक पोषण सेवाबाट वञ्चित भएका छन् ।

संस्थाले जुलाईदेखि अक्टोबरसम्म कुपोषणको जोखिम सबैभन्दा उच्च रहने भए पनि पर्याप्त बजेट अभावका कारण अगस्टदेखि अक्टोबरसम्मका लागि लक्षित खाद्यान्न वितरण कार्यक्रमसमेत स्थगित गर्नुपरेको जनाएको छ । आगामी छ महिनाका लागि तत्काल ५४ करोड अमेरिकी डलर आवश्यक रहेको पनि डब्लुएफपीले उल्लेख गरेको छ ।

यसअघि फेब्रुअरीमा डब्लुएफपीले सहायता कटौतीलाई 'विनाशकारी' भन्दै चारमध्ये तीन गम्भीर कुपोषित बालबालिकासम्म पोषण सहायता पुऱ्याउन नसकिएको जनाएको थियो । संस्थाका अनुसार सन् २०२२ यता खाद्य सहायता कोष करिब ५९ प्रतिशतले घटेको छ तर मानवीय आवश्यकता निरन्तर बढिरहेको छ ।

संयुक्त राष्ट्रसंघीय मानवीय मामिला समन्वय कार्यालयका अनुसार अफगानिस्तानका लागि गरिएको दुई अर्ब ७१ करोड अमेरिकी डलरबराबरको मानवीय सहायता अपिलमध्ये हालसम्म २६ प्रतिशतभन्दा केही बढी रकममात्रै प्राप्त भएको छ । कुपोषणलगायत मानवीय सूचकहरू निरन्तर बिग्रिरहेको अवस्थामा यो अवस्था अत्यन्त चिन्ताजनक रहेको संयुक्त राष्ट्रसंघले जनाएको छ । *रासस/एपी*

# बंगलादेशको गार्मेन्ट क्षेत्रमा रोजगारी संकट

**गाजीपुर (बंगलादेश)–** बंगलादेशको प्रमुख निर्यात उद्योगका रूपमा रहेको तयारी पोसाक (गार्मेन्ट) क्षेत्रमा निर्यात घट्दै, अन्तर्राष्ट्रिय प्रतिस्पर्धा बढ्दै र बजार माग कमजोर बन्दै गएपछि सयौं कारखाना बन्द भएका छन् । त्यसको प्रत्यक्ष असर हजारौं कामदारको रोजगारीमा परेको छ भने लाखौं श्रमिकको भविष्यप्रति चिन्ता बढेको छ ।

गार्मेन्ट क्षेत्रमा आठ वर्षदेखि कार्यरत मोसम्मत अक्लिमाले जुलाई महिनाको एक साँझ मोबाइलमा आएको सन्देशबाट आफ्नो जागिर समाप्त भएको जानकारी पाइन् । गाजीपुरस्थित लिथे गार्मेन्ट्स कारखानाले एकैपटक करिब तीन हजार कामदारलाई सेवाबाट हटाएको थियो । तीन महिनाकी गर्भवती अक्लिमाले नयाँ रोजगारी पाउने सम्भावना न्यून रहेको बताउँदै अब बचत र ऋणकै भरमा परिवार चलाउनुपर्ने अवस्था आएको बताइन् ।

उनले मासिक करिब २५० अमेरिकी डलर पारिश्रमिक पाउँदै आएकी थिइन् । उनका श्रीमान् पनि अर्को गार्मेन्ट कारखानामा कार्यरत रहेकाले अहिले परिवारको सम्पूर्ण दायित्व एउटै आम्दानीमा सीमित भएको छ । उनीहरूका सन्तान र वृद्ध अभिभावकसमेत त्यसै आम्दानीमा निर्भर छन् ।

बंगलादेश गार्मेन्ट म्यानुफ्याक्चरर्स एन्ड एक्सपोर्टर्स एसोसिएसन (बिजिएमइए) का अनुसार विगत दुई वर्षमा देशभर रहेका करिब चार हजार गार्मेन्ट कारखानामध्ये झन्डै ४०० बन्द भएका छन्, जसका कारण दशौं हजार कामदारले रोजगारी गुमाएका छन् । बिजिएमइएका अध्यक्ष महमुदुल हसन बाबुले अत्यधिक प्रतिस्पर्धी अन्तर्राष्ट्रिय बजारमा निर्यात घटेकाले धेरै उद्योग सञ्चालनमै टिक्न नसकेको बताए ।

बंगलादेशको कूल निर्यात आम्दानीको करिब ८० प्रतिशत हिस्सा यही उद्योगबाट आउने गर्छ । करिब ४५ लाख मानिस यस क्षेत्रमा आबद्ध छन् र तीमध्ये अधिकांश महिला छन् ।

विश्लेषकहरूका अनुसार बंगलादेशले विशेषगरी युरोपेली बजारमा भारत र भियतनामसँग कडा प्रतिस्पर्धा सामना गरिरहेको छ । स्वतन्त्र व्यापार सम्झौताका कारण ती मुलुकले बजार विस्तार गरिरहेका बेला बंगलादेशले सन् २०२९ देखि न्यून विकसित राष्ट्रको हैसियत समाप्त भएसँगै पाउँदै आएको शुल्करहित व्यापार सुविधा पनि गुमाउने अवस्था छ ।

ढाका विश्वविद्यालयका प्राध्यापक सेलिम रेहानका अनुसार अधिमान्य व्यापार सुविधा समाप्त भएपछि स्वतन्त्र व्यापार सम्झौता गर्न नसके बंगलादेशको प्रतिस्पर्धात्मक क्षमता थप कमजोर हुन सक्छ । युरोस्टृयाटको तथ्यांकअनुसार यस वर्षको पहिलो पाँच महिनामा युरोपेली संघ (इयू) मा बंगलादेशबाट हुने तयारी पोसाक आयात प्रमुख आपूर्तिकर्तामध्ये सबैभन्दा धेरै घटेको छ ।

विज्ञहरूले युक्रेन र मध्यपूर्वको द्वन्द्वका कारण विश्वव्यापी उपभोक्ता माग कमजोर भएको, साथै बंगलादेशको उद्योग अझै पनि कम मूल्यका टि-सर्ट र जिन्सजस्ता उत्पादनमा केन्द्रित रहँदा उच्च मूल्यका कृत्रिम रेसायुक्त कपडाको बजारमा प्रतिस्पर्धी मुलुकहरू अगाडि बढेको उल्लेख गरेका छन् । आयातीत कपास र अन्य कच्चा पदार्थमा अत्यधिक निर्भरता पनि उत्पादन लागत बढाउने अर्को कारण बनेको छ । अनुसन्धान संस्था एपेरल भ्वाइसका प्रमुख मोहिउद्दिन रुबेलले योजना र पूर्वाधार सुदृढ नगरी उद्योग विस्तार गरिएकाले अहिले प्रतिस्पर्धा धान्न कठिन भएको बताए । उनका अनुसार बंगलादेश अझै आधारभूत उत्पादनमै सीमित छ र सैन्य पोसाक तथा स्वास्थ्य क्षेत्रका विशेष परिधानजस्ता उच्च मूल्यका उत्पादनमा पर्याप्त अवसर उपयोग गर्न सकेको छैन ।

विश्व बैंकको हालैको अध्ययनले बंगलादेशका अधिकांश गार्मेन्ट उद्योग अझै श्रम-आधारित अर्धस्वचालित प्रणालीमा निर्भर रहेको देखाएको छ भने भियतनामलगायत प्रतिस्पर्धी मुलुक उन्नत स्वचालित उत्पादन प्रणालीतर्फ तीव्र गतिमा अघि बढिरहेका छन् । यद्यपि श्रम अधिकारकर्मीहरूले बढ्दो स्वचालनले भविष्यमा रोजगारी थप घटाउन सक्ने चिन्ता व्यक्त गरेका छन् ।

बंगलादेश श्रम अध्ययन संस्थानका कार्यकारी निर्देशक सैयद सुल्तान उद्दीन अहमदले उद्योगको परिवर्तनअनुसार श्रमिकलाई अनुकूल बनाउन स्पष्ट सरकारी नीति आवश्यक रहेको बताए । सरकारी सल्लाहकार रसिद अल महमुद टिटुमिरले भने बदलिंदो औद्योगिक आवश्यकताअनुसार कामदारलाई तालिम दिने कार्यक्रमलाई सरकारले प्राथमिकता दिएको जानकारी दिए ।

तर जागिर गुमाएका कामदारका लागि ती दीर्घकालीन योजनाले तत्काल राहत दिन सकेका छैनन् । सिलाइ र कपडा सिलाउने लामो अनुभव हुँदाहुँदै पनि गाजीपुरका धेरै कारखानाबाट काम नपाएपछि बेगम नामले चिनिने एक श्रमिक आफ्नो परिवारको जीविकोपार्जनका लागि उत्तर बंगलादेशस्थित पैतृक गाउँ फर्किन बाध्य भएका छन् । 'अब त्यसपछि के हुन्छ, मलाई थाहा छैन,' उनले भने । *रासस/एएफपी*


नेपाल सरकार

**कृषि, वन तथा पर्यावरण मन्त्रालय**

**कर्णाली प्रदेशको सुर्खेत जिल्लामा प्रस्तावित कर्णाली प्रदेश प्रहरी तालिम केन्द्र सुर्खेत (हाल नेपालगंज) आयोजनाको वातावरणीय प्रभाव मूल्यांकन (EIA) प्रतिवेदनमा राय-सुझावको लागि आह्वान गरिएको सार्वजनिक सूचना**

**प्रकाशित मिति : २०८३/०४/२१**

श्री कर्णाली प्रदेश प्रहरी कार्यालय प्रस्तावक रहेको कर्णाली प्रदेश प्रहरी तालिम केन्द्र, सुर्खेत (हाल नेपालगञ्ज) आयोजनाको वातावरणीय प्रभाव मूल्यांकन (EIA) प्रतिवेदन श्री गृह मन्त्रालयमार्फत यस मन्त्रालयमा स्वीकृतिका लागि प्राप्त भएको छ ।
प्राप्त प्रतिवेदन अनुसार, सुर्खेत विमानस्थलबाट करिव ४० कि.मि. उत्तरपश्चिममा रहने गरी प्रस्तावित यस आयोजना पञ्चपुरी नगरपालिका वडा नं.८ स्थित दुलालथाईमा रहेको श्री मौरीडाँडा सामुदायिक वन उपभोक्ता समूहको जग्गामा निर्माण गरिनेछ । आयोजनाले सामुदायिक वनको जम्मा १४०,५१२ वर्ग मि. जग्गामा ९०५ खाली क्षेत्र राखी कुल १३,८८६.६३ वर्ग मि. निर्माण क्षेत्रफल भएका संरचनाहरु निर्माण गर्नेछ । प्रस्तावित संरचनाहरुमा प्रतीक्षालय ब्लक, क्वार्टर गार्ड ब्लक, ब्यारेक ब्लक, मेस ब्लक, पाहुना घर, अडिटोरियम हलरबैठक हल, इन्चार्ज क्वार्टर, वरिष्ठ अधिकारी क्वार्टर, शौचालय ब्लक, कक्षा कोठा हल, वेयरहाउस, अस्पताल भवन, पारिवारिक एकाइ, क्यान्टीन, जिम हल, ठूलो बहुउद्देश्यीय हल, सानो बहुउद्देश्यीय हल, सिमुलेशन ब्लकहरु, फोटोग्राफी तथा कम्प्युटर प्रयोगशाला, ई-लाइब्रेरी, तालिम केन्द्र कार्यालय लगायतका संरचना रहनेछन् । आयोजनाले स्थानीय पानी मुहानबाट दैनिक १७०,००० लि. पानी प्रयोग गर्नेछ ।
वातावरण संरक्षण नियमावली, २०७७ को नियम ९०६० बमोजिम यस प्रतिवेदनमा राय-सुझाव दिनका लागि सर्वसाधारणले प्रतिवेदन उतार गर्न सक्ने व्यवस्था रहेकाले यो प्रतिवेदन निम्न स्थानहरुमा तथा यस मन्त्रालयको वेबसाइट [www.mofe.gov.np] मा समेत सार्वजनिक गरिएको छ । प्रतिवेदनमा उपयुक्त राय-सुझाव प्राप्त भएमा, यस मन्त्रालयले उक्त प्रस्ताव कार्यान्वयनका लागि स्वीकृति दिने क्रममा ती राय-सुझावहरूलाई समेत विचारमा राख्नेछ । उक्त प्रतिवेदनका सम्बन्धमा सर्वसाधारण व्यक्ति वा संस्थाको कुनै राय-सुझाव भएमा यो सूचना प्रथम पटक प्रकाशित मितिले ७ (सात) दिनभित्र आफ्नो राय-सुझाव लिखित रूपमा निम्न ठेगानामा पठाईदिनुहुन यसै सूचनाद्वारा आह्वान गरिन्छ ।

| प्रतिवेदन अध्ययन वा उतार गर्न सकिने स्थानहरू: | राय-सुझाव पठाउने ठेगाना: |
|---|---|
| श्री गृह मन्त्रालय, सिंहदरबार, काठमाडौं ।<br>श्री त्रिभुवन विश्वविद्यालय, केन्द्रीय पुस्तकालय, कीर्तिपुर, काठमाडौं ।<br>श्री जिल्ला समन्वय समितिको कार्यालय, वीरेन्द्रनगर, सुर्खेत ।<br>श्री पञ्चपुरी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, बाबियाचौर, सुर्खेत । | कृषि, वन तथा पर्यावरण मन्त्रालय<br>वातावरण प्रभाव अध्ययन शाखा<br>सिंहदरबार, काठमाडौं<br>फोन नं.०१-४२११५६७, ४२११९४६<br>ईमेल:- info@mofe.gov.np |

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – २८८००० | प्रति तोला – ० | प्रति तोला – ४४७५ |



**पर्यटक कुर्दै डुंगा** | पोखरास्थित फेवाताल किनारमा थन्किएका डुंगा । वर्षायाममा पर्यटकीय गतिविधि न्यून भएपछि फेवातालमा डुंगा चढ्ने पर्यटकको संख्या पनि कम छ । *तस्बिरः राम थापा/रासस*

# ‘आर्थिक रूपान्तरणमा राष्ट्र बैंकको सक्रिय भूमिका आवश्यक छ’

■ प्रभाव संवाददाता

**काठमाडौं–** अर्थमन्त्री स्वर्णीम वाग्लेले नेपाल राष्ट्र बैंकलाई केवल नियामक संस्थाका रूपमा नभई नेपालको आर्थिक रूपान्तरणको सहयात्री र सहनिर्माताका रूपमा अघि बढ्नुपर्ने बताएका छन् । नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशकहरूसँग बुधबार अर्थ मन्त्रालयमा भएको छलफलमा राष्ट्र बैंकले नियामक निकायको भूमिकासँगै मुलुकको आर्थिक रूपान्तरणमा सक्रिय साझेदारको भूमिका निर्वाह गर्नुपर्ने धारणा उनले व्यक्त गरे ।

‘आजको छलफल कुनै औपचारिक टिप्पणीमा सीमित रहने छैन । यहाँ उठेका प्रत्येक विषयलाई कार्ययोजनामा रूपान्तरण गरिनेछ । आवश्यक परे संयुक्त कार्यदल बनाउनेछौँ, नीतिगत समन्वयलाई संस्थागत गर्नेछौँ र निर्णय प्रक्रियालाई अझ छरितो बनाउनेछौँ,’ उनले भने, ‘हामीसँग अहिले दुर्लभ अवसर छ । सुधारको राजनीतिक इच्छाशक्ति छ । आर्थिक स्थायित्वको आधार बनेको छ । निजी क्षेत्र अवसरका लागि तयार छ । अब राज्यका संस्थाहरूले पनि एउटै आत्मविश्वास, एउटै स्पष्टता र एउटै गतिका साथ अघि बढ्नुपर्छ । यदि सरकार, नेपाल राष्ट्र बैंक, बैंकिङ क्षेत्र र निजी क्षेत्र एउटै दिशामा अघि बढे भने नेपालको आर्थिक रूपान्तरण केवल कल्पना रहने छैन, त्यो कार्यान्वयनको चरणमा प्रवेश गर्नेछ ।’



‘बैंकिङ प्रणालीमा रहेको अधिक तरलतालाई उत्पादन, उद्योग र रोजगारीमा कसरी रूपान्तरण गर्न सकिन्छ ? पूँजी बजार, रियल इस्टेट, बैंकिङ प्रणाली र वास्तविक अर्थतन्त्रबीच स्वस्थ सम्बन्ध कसरी निर्माण गर्न सकिन्छ ?’

■ डा. स्वर्णिम वाग्ले
अर्थमन्त्री

अर्थमन्त्री वाग्लेले सरकारले घोषणा गरेका आर्थिक सुधारलाई सफल बनाउन नेपाल राष्ट्र बैंकले आवश्यक नीतिगत पहलका विषयमा सुझाव दिन कार्यकारी निर्देशकहरूलाई आग्रह गरे ।

उनले उत्पादनमुखी क्षेत्रमा कर्जा प्रवाह कसरी बढाउन सकिन्छ भन्ने विषयमा विशेष चासो व्यक्त गरे । ‘बैंकिङ प्रणालीमा रहेको अधिक तरलतालाई उत्पादन, उद्योग र रोजगारीमा कसरी रूपान्तरण गर्न सकिन्छ ? पूँजी बजार, रियल इस्टेट, बैंकिङ प्रणाली र वास्तविक अर्थतन्त्रबीच स्वस्थ सम्बन्ध कसरी निर्माण गर्न सकिन्छ ?’ उनले भने, ‘मौद्रिक नीति र वित्तीय नीतिबीचको समन्वयलाई अझ प्रभावकारी कसरी बनाउने ? डिजिटल वित्त, फिनटेक, वैकल्पिक वित्त, स्टार्टअप वित्तपोषण र नयाँ वित्तीय उपकरणलाई कसरी सहज बनाउने भन्ने विषयमा पनि जानकारी गराउनुहोला ।’

अर्थमन्त्री वाग्लेले नियमनको उद्देश्य केवल नियन्त्रण गर्नु नभई उत्पादनशील आर्थिक गतिविधिलाई सक्षम बनाउनु हुनुपर्नेमा जोड दिए । उनले नेपालको नियामक प्रणालीले नवप्रवर्तनलाई रोकिरहेको छ वा प्रोत्साहन गरिरहेको छ भन्ने प्रश्नको उत्तर आफैँसँग खोज्नुपर्ने बेला आएको बताए । ‘हामी ‘यो सम्भव छैन’ भन्ने सोचबाट होइन, ‘यसलाई सम्भव बनाउन के गर्नुपर्छ’ भन्ने सोचबाट छलफल गरौँ,’ उनले भने, ‘मुलुकलाई सबैभन्दा बढी आवश्यक परेको कुरा नीतिगत आत्मविश्वास हो ।’

अर्थमन्त्री वाग्लेले सरकार र नेपाल राष्ट्र बैंक आत्मविश्वासी भए बैंकिङ प्रणाली र निजी क्षेत्र पनि आत्मविश्वासी बन्ने तथा त्यसले आर्थिक वृद्धि हासिल गर्न सहज हुने बताए । उनले भने, ‘अब मौद्रिक पक्षबाट पनि त्यही गति, त्यही स्पष्टता र त्यही प्रतिबद्धता आवश्यक छ ।’

# ४२ बचतकर्ताको रकम फिर्ता

■ प्रभाव संवाददाता

**काठमाडौं–** समस्याग्रस्त सहकारी व्यवस्थापन समितिले शिव शिखर र पशुपति सहकारीका साना बचतकर्ताको बचत फिर्ता गरेको छ । समितिका सदस्य सचिव रविन ढकालअनुसार शिव शिखर सहकारीका १४ जना र पशुपति सहकारीका २८ जना बचतकर्ताले रकम फिर्ता पाएका हुन् ।

सरकारले समस्याग्रस्त सहकारीको ऋण असुलीबाट प्राप्त भएको रकम नै पीडित बचतकर्तालाई फिर्ता गरिएको स्पष्ट पारेको छ ।

समितिका अनुसार पहिलो चरणमा थोरै बचत रकम भएका बचतकर्ताहरूलाई रकम फिर्ता गरिएको हो । यसरी नै क्रमशः बचतकर्ताको रकमका आधारमा वर्गीकरण गरेर रकम फिर्ता गरिने छ ।

समस्याग्रस्त सहकारी संस्थाहरूबाट ऋण असुली र सम्पत्ति व्यवस्थापनबाट प्राप्त रकमबाट सम्बन्धित सहकारीका बचतकर्ताहरूलाई बचत फिर्ता गर्ने कार्य प्रचलित कानुनी व्यवस्था बमोजिम निरन्तर रूपमा सञ्चालन भइरहेको छ ।

## कर्पोरेट

### किसान सहकारीले सञ्चालनमा ल्यायो बिउ प्रशोधन उद्योग



**कैलाली (प्रस)–** किसान बहुउद्देश्यीय सहकारी संस्थाले बिउ प्रशोधन तथा भण्डारण उद्योग सञ्चालनमा ल्याएको छ । कैलालीको लम्कीमा केन्द्रीय कार्यालय रहेको संस्थाले सञ्चालनमा ल्याएको उक्त उद्योगको सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमल बहादुर शाहले उद्घाटन गरेका हुन् ।

लम्कीचुहा नगरपालिका वडा नं. ४ मा नवनिर्मित उद्योगको उद्घाटन गर्दै मुख्यमन्त्री शाहले सहकारीमार्फत किसानहरूलाई बिउ उत्पादनमा प्रोत्साहन र सहायता दिनु प्रशंसनीय कार्य भएको बताए । उत्पादनपश्चात् गुणस्तरीय बिउको प्रशोधन र बजारीकरण गर्ने संस्थाको मुख्य उद्देश्यले यस क्षेत्रका कृषकहरू प्रत्यक्ष लाभान्वित हुने विश्वास व्यक्त गर्दै उहाँले सहकारीको प्रयासको सरहाना गरे ।

कार्यक्रममा उद्योग तथा संस्थाबारे विस्तृत जानकारी दिँदै सहकारीका महाप्रबन्धक डम्बर बहादुर शाहले उद्योग सञ्चालनसँगै यस क्षेत्रका किसानहरूले उन्नत जातका धान, गहुँ, मकै, तोरी लगायतका बिउबिजनको ग्रेडिङ र प्याकेजिङ स्थानीय स्तरमै गर्न पाउने बताए । ‘किसानहरूलाई उचित मूल्यमा सहज र सर्वसुलभ रूपमा गुणस्तरीय बिउ उपलब्ध गराउने र उचित मुल्यमा किसानका उत्पादनहरू खरिद गरिदिने मुख्य लक्ष्यका साथ यो उद्योग स्थापना गरिएको हो’- महाप्रबन्धक शाहले भने ।

बिउ प्रशोधन उद्योग स्थापनाका लागि सहकारी संस्थाले स्थानीय सरकार (लम्कीचुहा नगरपालिका) र सुदूरपश्चिम प्रदेश सरकारसँग वित्तीय साझेदारी गरेको छ । हालसम्म कुल रु. १ करोड ४१ लाख ३० हजार लगानी भइसकेको यस उद्योगको भवन निर्माणका लागि लम्कीचुहा नगरपालिकाले रु. २५ लाख र मेसिनरी खरिदका लागि सुदूरपश्चिम प्रदेश सरकारले रु. १७ लाख १५ हजार अनुदान उपलब्ध गराएको संस्थाले जनाएको छ ।

उद्योग सञ्चालन तथा बिउ उत्पादनलाई प्रवर्द्धन गर्न सहकारीले ४१ जना कृषक र १ कृषि सहकारी संस्थालाई आवश्यक स्रोत-साधन उपलब्ध गराएको छ । संस्थाको सहयोगमा कृषक र कृषि सहकारीले कुल १४० बिघा क्षेत्रफलमा धानको मूल बिउ उत्पादनका लागि खेती सुरु गरिसकेका छन् । यस उद्योगको सञ्चालनबाट सुदूरपश्चिमका किसानहरूले बिउका लागि अन्यत्र निर्भर हुनुपर्ने बाध्यताको अन्त्य हुने र स्थानीय स्तरमै रोजगारीका अवसरहरू समेत सिर्जना हुने अपेक्षा गरिएको छ ।

### देभको इन्जिनियरिङमा घरको नक्सा डिजाइन गराउँदा ३३ प्रतिशत छुट

**काठमाडौं (प्रस)–** आवासीय घरको नक्सा डिजाइनदेखि राष्ट्रिय भवन संहिताले तोकेबमोजिमको संरचना निर्माण र फिनिसिङसम्मको सम्पूर्ण काम सकेर घरधनीलाई साँचो हस्तान्तरण गर्दै आएको देभको इन्जिनियरिङ एन्ड बिल्डर्स प्रा.लि.ले घरको नक्सा डिजाइनमा ३३ प्रतिशत छुट दिने घोषणा गरेको छ ।




इन्जिनियरिङ क्षेत्रका विज्ञहरू घर निर्माण गर्नुअघि सही योजना, प्राविधिक डिजाइन र संरचनात्मक विश्लेषणलाई प्राथमिकता दिनुपर्नेमा जोड दिन्छन् । यही आवश्यकतालाई ध्यानमा राखेर देभको इन्जिनियरिङ एन्ड बिल्डर्स प्रा.लि.ले घर निर्माणको तयारीमा रहेका व्यक्तिहरूका लागि नक्सा डिजाइन तथा सम्बन्धित इन्जिनियरिङ सेवामा ३३ प्रतिशत छुट दिने योजना सार्वजनिक गरेको हो ।

कम्पनीका अनुसार घर निर्माणको प्रारम्भिक चरणमै जग्गाको अवस्था, भवनको आवश्यकता, उपलब्ध क्षेत्रफल, परिवारको जीवनशैली, बजेट तथा संरचनात्मक सुरक्षालाई ध्यानमा राखेर डिजाइन तयार गर्नुपर्छ । यसका लागि देभको इन्जिनियरिङले घर बनाउने जग्गाको वास्तु विश्लेषण, आर्किटेक्चर ड्रइङ, स्ट्रक्चरल ड्रइङ तथा थ्री-डी भिजुअलाइजेसनलगायत सेवा एकीकृत रूपमा उपलब्ध गराउने जनाएको छ ।

घर निर्माणमा सबैभन्दा पहिले जग्गाको अवस्था र उपलब्ध स्थानको उचित अध्ययन गर्नुपर्छ । त्यसपछि ग्राहकको आवश्यकता र भवनको उपयोगिताअनुसार प्रारम्भिक योजना तयार गर्नुपर्छ । देभको इन्जिनियरिङले यही प्रक्रियालाई व्यवस्थित गर्दै ग्राहकको आवश्यकताअनुसार वास्तु तथा डिजाइनसम्बन्धी परामर्श उपलब्ध गराउने जनाएको छ ।

# नेप्सेमा सामान्य सुधार

## चार अर्ब ४० करोडभन्दा बढीको कारोबार




**काठमाडौं (प्रस)–** धितोपत्र बजारमा सेयर कारोबार मापक नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक बुधबार सामान्य अंकले बढेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक चार दशमलव ७९ अंकले बढेर दुई हजार ६६७ दशमलव ९७ बिन्दुमा पुगेको छ । ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक शून्य दशमलव ६० अंकले बढेर ४६७ दशमलव ३६ बिन्दुमा पुगेको छ ।

यसैगरी, फ्लोट परिसूचक शून्य दशमलव ०३ अंकले घटेर १८३ दशमलव २९ बिन्दुमा झरेको छ भने सेन्सेटिभ फ्लोट परिसूचक शून्य दशमलव ३० अंकले घटेर १५८ दशमलव २६ बिन्दुमा सीमित भएको छ ।

विभिन्न कम्पनीका एक करोड ६७ हजार ७३२ कित्ता शेयर रु चार अर्ब ४० करोड ९८ लाख ८६ हजार ४५७ मा खरिदबिक्री भएको छ ।

कारोबार भएका १३ उपसमूहमध्ये पाँच उपसमूहको परिसूचक बढेको छ भने आठ उपसमूहको परिसूचक घटेको छ । एक सय २२ कम्पनीको सेयर मूल्य बढेको, एक सय ४३ कम्पनीको घटेको तथा ११ कम्पनीको सेयर मूल्य स्थिर रहेको नेप्सेले जनाएको छ ।

सोलु हाइड्रोपावर लिमिटेड, शिखर पावर डेभलपमेन्ट लिमिटेड र रिडी पावर कम्पनी लिमिटेडका लगानीकर्ताले सर्वाधिक कमाएका छन् । त्यसैगरी, एभरेष्ट कलर लिमिटेड, कामना सेवा विकास बैंक डिबेञ्चर र मञ्जुश्री फाइनान्स लिमिटेड डिबेञ्चरका लगानीकर्ताले सर्वाधिक गुमाएका छन् ।

# गण्डकी प्रदेशमा रोपाइँ ९९.३९ प्रतिशत

■ प्रभाव संवाददाता

**गण्डकी–** गण्डकी प्रदेशमा हालसम्म ९९ दशमलव ३९ प्रतिशत रोपाइँ भइसकेको छ । प्रदेशको कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयका अनुसार ९३ हजार ६०६ हेक्टरमा रोपाइँ भइसकेको छ ।

छिटपुटबाहेक अधिकांश क्षेत्रमा रोपाइँ सकिएको मन्त्रालयका वरिष्ठ कृषि अर्थविज्ञ शशी अधिकारीले बताए । साउन अन्तिमसम्ममा सबै ठाउँमा रोपाइँ भइसक्ने उनको भनाइ छ । प्रदेशको कूल चार लाख ७९ हजार ६१७ हेक्टर खेतीयोग्य जमिनमध्ये बर्खे र चैते गरी करिब एक लाख हेक्टरमा धानखेती हुने गरेको छ । नवलपुर, कास्की, स्याङ्जा, तनहुँलगायत जिल्लामा धानखेतीको क्षेत्रफल बढी छ । हिमालपारिका मुस्ताङ र मनाङबाहेक प्रदेशका नौ जिल्लामा धानखेती हुँदै आएको छ । पछिल्लो समय प्रदेशमा रोपाइँको क्षेत्रफल भने बर्सेनि घट्दै गएको पाइएको कृषि अर्थविज्ञ अधिकारीले बताए ।

चार वर्षअघि ९७ हजार ७६९ हेक्टर क्षेत्रफलमा बर्खे धान रोपिएको थियो । त्यसपछिको वर्ष रोपाइँको क्षेत्रफल घटेर ९६ हजार ५३ हेक्टरमा समेटियो ।

गत आवमा ९४ हजार १८२ हेक्टरमा रोपाइँ भएको थियो । जग्गा खण्डीकरण, बाँझो छाड्ने प्रवृत्ति र खेतीयोग्य जमिनमा बस्ती विस्तार तथा पूर्वाधार विकासले धानखेतीको क्षेत्रफल घट्दै गएको पाइएको हो । गण्डकीमा सावित्री, रामधान, जेठोबुढो, खुमल, सुक्खा, एक्ले, पहेँले, गौरिया, मनुसली, सुनौलो सुगन्धलगायत जातका धानखेती गरिँदैआएको छ ।

गोरखाको छेवेटार, पालुङटार, आरुघाट, सिरानचोक, लमजुङमा धमिलीकुवा, हर्राबोट, भोर्लेटार, करापुटार, तनहुँको चुँदीफाँट, सत्रसय फाँट, कलेस्तीफाँट, कास्कीको मकैखोला, हाँडीखोला, पामे र लेखनाथ धानखेतीको पकेट क्षेत्र हुन् । यस्तै पर्वतको फलेबास, जलजला, स्याङ्जाको पुतलीबजार, आँधीखोला, गल्याङ, म्याग्दीको भगवती, पिप्ले, घतान, बागलुङको बडिगाड, गलकोट, जैमिनी र नवलपुरको कावासोती, गैंडाकोटलगायत क्षेत्रलाई धानका लागि पकेट क्षेत्र तोकिएको छ ।




प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ